# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




# पानी नपर्दा काठमाडौंमा बढ्यो वायु प्रदूषण

■ प्रभाव संवाददाता

**काठमाडौं–** पर्याप्त वर्षा नहुँदा काठमाडौंको वायु प्रदूषण बढेको छ । हिजोआज काठमाडौं उपत्यकाको आकाशमा डम्म बादल लगेको देखिन्छ ।

'एयर क्वालिटि इन्डेक्स' का अनुसार आइतबार दिउँसो काठमाडौं विश्वको पाँचौं प्रदूषित सहरका रूपमा सूचीकृत भएको थियो । आइतबार दिउँसो काठमाडौंको वायु प्रदूषण १६३ एक्युआई पुगेको थियो । साँझ भने १५३ पुगेर आठौं स्थानमा सूचीकृत भएको थियो ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले स्थानीय वायुको प्रभाव र पश्चिमी न्यून चापीय प्रणालीको प्रभावका कारण वर्षा हुन नसकेको जनाएको छ । 'मुलुकको केही भागमा हिमपात र हल्का मात्र वर्षा भएको छ, तर प्रदूषण हट्नेगरी वर्षा भएको छैन,' महाशाखाकी मौसमविद् विनु महर्जनले भनिन्, 'अझै तीन दिन यस्तै हुने देखिन्छ ।'

विश्वको सबैभन्दा बढी प्रदूषित सहरको रूपमा भियतनामको राजधानी हनोई र बंगलादेशको ढाकाबीच उछिनपछिन चलेको छ । त्यसपछि भारतको राजधानी नयाँ दिल्ली, चीनको राजधानी बेइजिङ पनि प्रदूषित सहरको सूचीमा अगाडि रहेका छन् ।

> मुलुकको केही भागमा हिमपात र हल्का मात्र वर्षा भएको छ, तर प्रदूषण हट्नेगरी वर्षा भएको छैन । अझै तीन दिन यस्तै हुने देखिन्छ ।
>
> ■ **विनु महर्जन**
> **मौसमविद्, मौसम पूर्वानुमान महाशाखा**

- आइतबार दिउँसो काठमाडौं विश्वको पाँचौं प्रदूषित सहरका रूपमा सूचीकृत
- सोमबार र मंगलबार काठमाडौं क्षेत्रमा पानी पर्ने सम्भावना नरहेको मौसम पूर्वानुमान महाशाखाको भनाइ
- छिट्टै पानी पर्ने नयाँ प्रणाली सोमबारबाट नेपाली आकाशमा प्रवेश गर्ने जानकारी

## कस्तो छ पानी पर्ने सम्भावना ?

काठमाडौंको आकाश बादलले डम्म भएर पानीको छिटा आए पनि पानी पर्ने सम्भावना नरहेको मौसमविद्हरू बताउँछन् । आगामी २४ घण्टामा केही स्थानमा हल्का वर्षाको अनुमान रहे पनि उल्लेखनीय वर्षा हुने सम्भावना छैन । 'कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका थोरै तथा बाँकी उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ । कोशी प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानमा मेघगर्जन/चटचाङसहित हल्का वर्षाको सम्भावना रहेको छ,' मौसम पूर्वानुमान महाशाखाले जारी गरेको मौसम बुलेटिनमा भनिएको छ ।

सोमबार र मंगलबार काठमाडौं क्षेत्रमा पानी पर्ने सम्भावना नरहेको मौसम विभागले जनाएको छ । यद्यपि छिट्टै पानी पर्ने नयाँ प्रणाली सोमबारबाट नेपाली आकाशमा प्रवेश गर्ने बताइएको छ । गएको २४ घण्टामा दाङमा ११ मिलिमिटर वर्षा भएको छ । इलामका बरफल्याङमा ४.२, झापाको सिस्नेमा ४.८, झापाकै शनिश्चरेमा ५.२ मिलमिटर वर्षा भएको मौसम विभागले जानकारी दिएको छ । त्यस्तै सिन्धुपाल्चोकको बोल्देमा १.८, दुवाचौरमा १.६ मिलिमिटर वर्षा भएको छ ।

शनिबार बिहानदेखि आइतबार बिहानसम्म सबैभन्दा बढी मोरङको केराबारी केन्द्रमा १४.४ मिलिमिटर वर्षा मापन भएको थियो । अहिले प्रि-मनसुन चलिरहेको छ । फागुन १७ देखि १७ जेठसम्मको अवधिलाई प्रि-मनसुन भनिन्छ । प्रि-मनसुनको प्रारम्भमा उल्लेख्य वर्षा भएको छ । फागुन २५ गतेसम्म ९.४० मिलिमिटर वर्षा भएको छ । यो भनेको औसत वर्षाको ४.१ प्रतिशत वर्षा हो ।

## मनाङमा हिमपात

मनाङमा भने हिमपात हुन थालेको छ । जिल्लाका माथिल्लो भेगमा आंशिक हिमपात हुन थालेपछि किसान खुसी हुन थालेका छन् । ढिलागरी भएको हिमपातले हिमाल टलक्क टल्केका देखिन्छ । पछिल्ला दिनमा जिल्ला सदरमुकाम चामेदेखि माथिल्लो मनाङसम्म हिमपात हुँदै आएको छ । तल्लो क्षेत्रमा भने हालसम्म हिउँ पर्न सकेको छैन । माथिल्लो क्षेत्रमा हिमपात हुँदा यहाँका हिमालमा हिउँ देखिन थालेको छ भने समयमा हिमपात नहुँदा चिन्तित बनेका यहाँका किसानमा खुसी भएका छन् ।


क्रमशः पृष्ठ २ मा


मन्त्रिपरिषद्लाई कुलमानको जवाफ

# ऊर्जामन्त्रीले मन्त्रिपरिषद्लाई झूटो विवरण दिए, पटक-पटक स्पष्टीकरण संविधानविपरीत

■ प्रभाव संवाददाता



- प्रत्येक कानुनी कारबाही कानुनबमोजिम निर्णय भइ अन्तिम हुनुपर्ने कुलमानको भनाइ
- एउटै व्यक्ति उपर एउटै विषयमा राज्यको विभिन्न निकायबाट पटक-पटक कारबाही प्रक्रिया अगाडि बढाइनु प्राङन्याय र नेपालको संविधानको धारा २० समेतको प्रतिकूल रहेको दाबी
- विभागीय मन्त्रीले आफूलाई कारबाही गर्न लागिपरेको नेपथ्यको विषय उद्योगी व्यवसायीहरूको ठूलो बक्यौता रकम भएको उल्लेख

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले ऊर्जामन्त्री दीपक खड्काले मन्त्रिपरिषद्मा आफ्नो बारेमा झूटो रिपोर्टिङ गरेको दाबी गरेका छन् । डेडिकेटेड र ट्रंकलाइन विवादमा उद्योगीको पक्ष लिएर मन्त्री खड्काले आफूमाथि अनर्गल विषय उठाएर मन्त्रिपरिषद्बाट स्पष्टीकरण माग्न सफल भएको आरोपसमेत घिसिङले लगाएका छन् ।

आइतबार १६ पृष्ठमा आफ्नो जवाफ पेस गर्दै घिसिङले मन्त्रीले पूर्वाग्रहपूर्वक कारबाही अघि बढाएको गुनासोसमेत गरेका छन् । 'सार्वजनिक कोषको ठूलो राशि असुलीको पक्षपाती मलाई निजको निर्देशन स्वीकार नगरेको पूर्वाग्रहमा प्रस्तुत कारबाही अगाडि बढाइएको हो । विभागीय मन्त्रीज्यूले मलाई कारबाही गर्न लागिपर्नुभएको नेपथ्यको विषय उद्योगी व्यवसायीहरूको ठूलो बक्यौता रकम हो,' स्पष्टीकरणमा कुलमानले भनेका छन्, 'सोलाई पथान्तरण गरी अनर्गल, कपोलकल्पित, गौण र सामान्य प्रक्रियागत विषय उठान गरी देशको कार्यकारिणी अधिकार प्रयोग गर्ने जिम्मेवार मन्त्रिपरिषद्लाई झूटो विवरण दिई एवं गुमराहमा पारी यो हदसम्मको कारबाही अगाडि बढाउन सफल हुनुभएको छ ।'

गत बुधबार बसेको मन्त्रिपरिषद्ले घिसिङलाई स्पष्टीकरण सोध्ने निर्णय गरेसँगै ऊर्जा मन्त्रालयले बिहीबार 'पदबाट किन नहटाउने ?' भन्दै चारबुँदे स्पष्टीकरण सोधेको थियो । उक्त प्रश्नको जवाफ फर्काउँदै कुलमानले आफूलाई पदबाट हटाउनुपर्ने कुनै कारण नरहेको दोहोऱ्याएका छन् । 'माथिका प्रकरणहरूमा विवेचित कानुन, प्राकृतिक न्याय, तथ्य एवं संलग्न कागजातको आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१ फागुन २१ को सफाइ पेस गर्नेसम्बन्धी निर्णयानुसार मेरो नियुक्ति रद्द गर्ने एवं पदबाट हटाउनेलगायतका पत्रमा उल्लिखित कुनै पनि कारबाही हुन नपर्ने व्यहोरा निवेदन गर्दछु,' उनले भनेका छन् । स्पष्टीकरण पत्रसहित कुलमानले विभिन्न १८ कागजातसमेत पेस गरेका छन् ।

प्राधिकरणमा कुलमान आउनुअघि देशभर १८ घण्टे लोडसेडिङ जारी थियो । उनी प्राधिकरणको नेतृत्वमा आएपछि विद्युतीकरण तीव्ररूपमा भएको छ ।


क्रमशः पृष्ठ २ मा


## पटक-पटक स्पष्टीकरण किन ?

नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले विभागीय मन्त्रीले पटक-पटक स्पष्टीकरण सोध्नसमेत नमिल्ने बताएका छन् । सुनुवाइको कुनै मौका दिनुपर्नेमा ऊर्जामन्त्री पहिलो चरणमा सजायको प्रस्ताव गरिएको उनको दाबी छ । 'राष्ट्रसेवकउपर विभागीय कारबाही गर्दा पहिलो चरणमै सजाय प्रस्ताव गरी सफाइ माग गरिएको स्थापित न्यायिक सिद्धान्त र प्राकृतिक न्यायको आधारभूत मान्यता प्रतिकूल छ,' घिसिङले प्रस्टीकरणमा भनेका छन् ।

मन्त्रीको यो कदम संविधानविपरीत रहेकोसमेत उनको तर्क छ । 'ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०८१ फागुन १३ को निर्णयानुसार स्पष्टीकरण माग गरिएको थियो । उक्त स्पष्टीकरणमा मैले मिति २०८१ फागुन १५ मा जवाफ पेस गरिसकेको छु,' घिसिङले भनेका छन्, 'पुनः सोहीबमोजिमको कारबाही गर्न सोही मन्त्रालयको प्रस्ताव एवं सिफारिसमा स्पष्टीकरण माग गर्न मिल्ने हुँदैन । यसपूर्व माग गरिएको स्पष्टीकरण र सोको जवाफमा कानुनबमोजिम अन्तिम निर्णय नगरी सोही कारबाही गर्न पटक-पटक स्पष्टीकरण माग गर्न मिल्दैन ।'

प्रत्येक कानुनी कारबाही कानुनबमोजिम निर्णय भइ अन्तिम हुनुपर्ने उनको जिकिर छ । एउटै व्यक्तिउपर एउटै विषयमा राज्यको विभिन्न निकायबाट पटक-पटक कारबाही प्रक्रिया अगाडि बढाइनु प्राङन्याय र नेपालको संविधानको धारा २० समेतको प्रतिकूल छ ।'



> यो मन्त्रिपरिषद्को विषय हो । अर्को मन्त्रिपरिषद्सम्म कुरौ न निर्णयका लागि ।
>
> ■ **दीपक खड्का**
> **मन्त्री, ऊर्जा जलस्रोत तथा सिँचाइ**

सन्दर्भ: वैदेशिक रोजगार

# अभिमुखीकरण तालिम प्रभावकारी नहुँदा समस्यामा श्रमिक

## सरकारले सहयोग नगरेको व्यवसायीको आरोप

■ ममता थापा

**काठमाडौं–** गत वैशाखदेखि फागुन १३ गतेसम्म साउदी अरबमा कार्यक्षेत्रमा भएको दुर्घटनाबाट २९ जनाको ज्यान गयो । त्यसैगरी, सोही अवधिमा साउदीमा सडक दुर्घटनामा परी १५ जनाले ज्यान गुमाएको वैदेशिक रोजगार बोर्डको तथ्यांक छ ।

विशेषगरी खाडी मुलुकमा गएका कामदरहरू सामान्य जानकारीको अभावले ज्यान गुमाउन बाध्य बनेको तथ्यांकले देखाएको छ । गन्तव्य मुलुकको ट्राफिक नियम, कार्यक्षेत्रमा अपनाउनुपर्ने सावधानी जस्ता विषयमा जानकारी नहुँदा श्रमिकहरू यस्ता दुर्घटनामा पर्दै आएका छन् । विदेश जानुपूर्व दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रभावकारी नहुनु यस्ता घटनाको प्रमुख कारण रहेको बोर्डकै अधिकारीहरू स्वीकार्छन् ।

नेपालमा हाल पूर्वप्रस्थान अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७७ कार्यान्वयनमा छ । वैदेशिक रोजगारीमा जाने प्रत्येक व्यक्तिले अनिवार्य तालिम लिनुपर्छ । तर, अभिमुखीकरण तालिम भनेको दुई दिन कक्षामा बस्नेमात्र हो भन्ने मानसिकता रहेको अभिमुखीकरण व्यवसायीको भनाइ छ । अभिमुखीकरणलाई समयसापेक्ष परिमार्जन गरेर गुणस्तरीय बनाउन भनेर आफू संघर्षरत रहे पनि सरकारले आफ्ना जायज मागहरूलाई बेवास्ता गर्दा यस्तो समस्या नरोकिएको नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतम बताउँछन् । 'दिनदिनै मृत्यु हुनेहरूको संख्या बढेको बढ्यै छ । कमसेकम एक जनालाई मात्र बचाउन सकियो भने ठूलो उपलब्धि हुन्थ्यो । विदेश जाने भनेर निर्णय लिनुअघि नै ओरियन्टेसन दिनुपर्छ,' उनी भन्छन् ।

जिम्मेवार निकायले प्रभावकारी अनुगमन र कारबाही गर्न नसकेको उनको भनाइ छ । 'वैदेशिक रोजगार बोर्डले मृत्यु भएकाहरूका नाममा हस्ताक्षर गर्नेबाहेक केही काम गर्न सकेको छैन । वैदेशिक रोजगार विभागको अनुगमनमा आएकाहरू चिया पसलबाटै अनुगमन गरेर जाने गरेको सुनेको छु,' उनी भन्छन्, 'बीसौं वर्षदेखि यस क्षेत्रमा जस्ताको तस्तै छ । ५० जनाभन्दा बढी मन्त्रीलाई भेट्दा पनि कसैले चासो दिएनन् ।'

हालका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी यसअघि मन्त्री हुँदा बनाएको कार्यविधि अहिले आफैंले कार्यान्वयन गराउन नचाहनुको कारण आफूले नबुझेको अध्यक्ष गौतमको भनाइ । अर्कोतर्फ व्यवसायीको एउटा पक्ष, एजेन्टले अभिमुखीकरण तालिम लिन पठाए उनीहरू कयौं गुणा बढी शुल्क लिएको जस्ता विषय श्रमिकले थाहा पाउने भएकाले सकेसम्म नपठाउने गरेको उनको भनाइ छ ।


क्रमशः पृष्ठ २ मा


> सरकारले चासो नदेखाउँदा आठ वर्षअघिका पुराना पाठ्यक्रम पढाइरहेका छौं । त्यत्तिका समयसम्म कानुनमा, सिस्टममा कति परिमार्जन हुन्छ यसमा सरकारले चासो राखेको छैन । योग्य प्रशिक्षक चाहियो भनिरहेका छौं, त्यसका लागि न तालिम केन्द्रहरु छन् न कसरी पढाइरहेको छ भनेर अनुगमन भएको छ ।
>
> ● **राजाराम गौतम**
> **अध्यक्ष, वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघ**

> अभिमुखीकरण तालिम सञ्चालन गर्ने व्यवसायी आफैंले तालिम प्रभावकारी छैन भन्छ भने उनीहरूले पढाएका छैनन् होला । यदि इजाजतपत्र प्राप्त व्यवसायी हो भने यस्तो कुरा गर्न सुहाउँदैन । विनाइजाजत काम गरेको भए थाहा भएन, कानुनले निर्देशित गरेको कुरामा यस्तो भन्न सुहाउँदैन ।
>
> ● **मेघनाथ भुर्तेल**
> **महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**




## पृष्ठ १ बाट क्रमश:

### ऊर्जामन्त्रीले...

यस्तो गर्दा सरकारले प्रोत्साहन गर्नुपर्नेमा झनै निरुत्साहित गर्ने काम भएको कुलमानको गुनासो छ । 'मैले प्रबन्ध निर्देशकको नेतृत्व लिएपछि लोडसेडिङ अन्त्य भएको, ९९ प्रतिशत विद्युतीकरण भएको, घाटामा रहेको संस्थालाई निरन्तर नाफामा पुऱ्याएको, प्रभावकारीरूपमा चुहावट नियन्त्रण गरेको, भारत र बंगलादेशसम्म विद्युत् निर्यात गरी उल्लेख्य वैदेशिक मुद्रा आर्जन गर्न सफल भएको, विद्युत् उत्पादन, प्रसारण र वितरण क्षमतामा चार गुणाभन्दा बढीले वृद्धि गर्न सफल भएको, विभिन्न वर्गका नागरिकसमेतलाई सहुलियत महसुल दरमा विद्युत् सेवा प्रदान गर्न नेतृत्व गरेबापत प्रोत्साहित हुनुपर्नेमा उल्टै निरुत्साहित र दण्डित गर्ने प्रयास भएबाट म अत्यन्त मर्माहत भएको छु,' घिसिङले स्पष्टीकरणमा भनेका छन् ।

उनले अहिले प्राधिकरण ४७ अर्ब रूपैयाँ नाफामा रहेकोसमेत बताएका छन् । 'आव २०७२/७३ सम्म प्राधिकरणको सञ्चित घाटा करिब ३५ अर्ब रूपैयाँ रहेको र सोही आर्थिक वर्षकोमात्रै घाटा करिब नौ अर्ब रूपैयाँ रहेकोमा २०७३/७४ बाट निरन्तर नाफामा ल्याई सञ्चित घाटा पूर्ति गरी आव २०८०।८१ सम्ममा सञ्चित नाफा करिब ४७ अर्ब पुगेको छ,' उनले भनेका छन् । आठ वर्षयता प्राधिकरणले साँवा, ब्याज, कर तथा रोयल्टीसमेत गरी ८२ अब रूपैयाँ बुझाएको उनको स्पष्टीकरणमा उल्लेख छ । यसैगरी प्राधिकरणले विभिन्न स्थानमा ५७ अर्ब रूपैयाँ लगानी गरेको उल्लेख गरिएको छ ।

खासगरी खड्का प्राधिकरणमा आफूले चाहेको मानिसहरू नियुक्त गर्न चाहेको देखिन्छन् । तर योग्य कर्मचारी हटाउन नमिल्ने भन्दै अडान कसेकाले आफू मन्त्रीको तारो बनेको कुलमानको आरोप छ । कुलमानलाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले २०७८ साउन २७ गते दोस्रोपटक प्राधिकरणको प्रबन्ध निर्देशकमा नियुक्त गरेको थियो । यसरी हेर्दा उनको कार्यकाल अब पाँच महिना बाँकी छ । १८ घण्टासम्म लोडसेडिङ सहँदै आएको नेपालले कुलमान प्राधिकरणको प्रबन्ध निर्देशक भएसँगै यसबाट मुक्ति पाएको थियो ।

पहिलोपटक प्राधिकरणको नेतृत्वमा पुगेकै बेला २०७५ वैशाखमा घिसिङले लोडसेडिङमुक्त नेपाल घोषणा गरेका थिए । बिहीबारको प्रतिनिधिसभामा ऊर्जामन्त्री खड्काले आफूलाई घिसिङले टेर्दै नटेरेको गुनासो गर्दै लोडसेडिङ हटाउने श्रेय भारतलाई दिनुपर्ने बताएका थिए । घिसिङको स्पष्टीकरण मन्त्रालयमा आएको र यो विषय मन्त्रिपरिषद्को भएको मन्त्री खडकाले भने । 'यो मन्त्रिपरिषद्को विषय हो । अर्को मन्त्रिपरिषद्सम्म कुरौ न निर्णयका लागि,' खड्काले भने ।

■■■

### पानी नपर्दा...

हिमपातले खेतीपातीमा सहयोग पुग्ने किसान याङदुङ गुरुङले बताए । 'हिउँकै भरमा खेती गर्ने हामीलाई समयमा हिउँ नपर्दा समस्या हुने गरेको छ, ढिलागरी हिउँ पर्दा सिँचाइ राम्रोसँग हुन पाउँदैन तर पनि केही राहतचाहिँ हुन्छ,' उनले भने, 'पानीको काम नै हिउँले गर्छ ।' हिउँ नपरेको बेलामासमेत चिसोले यहाँका खोलानाला, झरना, तालका पानी जम्ने भएकाले सिँचाइमा समस्या हुने गरेको गुरुङले बताए ।

यहाँ पानी मुहानमै जमेर समस्या हुने भएकाले सिँचाइका अन्य विकल्प उपयोग गर्नमा सकस हुने गरेको छ । विभिन्न आयोजना तथा योजना परे पनि मुहानमा चिसोले जम्ने हुँदा सिँचाइका वैकल्पिक तवरबाट किसानले सिँचाइ गर्न सक्दैनन् ।

■■■

### अभिमुखीकरण...

कि त आफ्नो फेबरको संस्थामा पठाउने जसले केही जानकारी नै दिँदैन, कि नक्कली व्यक्ति पठाउने जस्तो स्थिति बनेको उनी बताउँछन् । सरकारले चासो नदेखाउँदा आठ वर्षअघिका पुराना पाठ्यक्रम आफूहरूले पढाइरहेको उनी बताउँछन् । 'त्यत्तिका समयसम्म कानुनमा, सिस्टममा कति परिमार्जन हुन्छ यसमा सरकारले चासो राखेको छैन । योग्य प्रशिक्षक चाहियो भनिरहेका छौं, त्यसका लागि न तालिम केन्द्रहरू छन् न कसरी पढाइरहेको छ भनेर अनुगमन भएको छ,' अध्यक्ष गौतम भन्छन् ।

सरकारले बाध्यकारी बनाएको नियममा म्यानपावर व्यवसायीले केही गर्न नमिल्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेल बताउँछन् । यदि कुनै व्यवसायीले यस्तो भनेको भेटियो भने तुरुन्त कारबाही गरिने उनी बताउँछन् । 'यदि अभिमुखीकरण व्यवसायी आफैंले यस्तो भन्छ भने उनीहरूले पढाएका छैनन् होला । यदि इजाजतपत्र प्राप्त व्यवसायी हो भने यस्तो कुरा गर्न सुहाउँदैन । विनाइजाजत काम गरेको भए थाहा भएन र कानुनले निर्देशित गरेको कुरामा यस्तो भन्न सुहाउँदैन,' महासचिव भुर्तेल भन्छन् ।

यता, वैदेशिक रोजगार विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदी विभागले प्रभावकारी ढंगबाट अनुगमन गरेको दाबी गर्छन् । केही महिना अगाडि करिब ५० वटा अभिमुखीकरण प्रदायक संस्थालाई कारबाही गरेको उनको भनाइ छ । 'आइरिस प्रणाली लागू भएपछि कक्षामा सतप्रतिशत उपस्थिति भएको छ, परिणामात्मक सुधार भयो, अब गुणात्मक सुधार आवश्यक छ । त्यसका लागि पाठ्यक्रममा सुधार, कक्षामा कसरी पढाइन्छ या पढाइँदैन त्यो अनुगमन गर्ने पाटो छ । तर हाटा (हाजिर गरेर भाग्ने) गर्नेहरूलाई डोरीले नै बाँध्नचाँहि विभागले सक्दैन,' उनी भन्छन्, 'अनुगमनमा सम्बन्धित व्यक्ति सम्बन्धित ठाउँसम्मै पुगिरहेका छन् । यदि चिया पसलमा भेटियो भने कारबाही हुन्छ ।'

वैदेशिक रोजगार बोर्डले संशोधित अभिमुखीकरण पाठ्यक्रमको मस्यौदा तयार भइसकेको जनाएको छ । बोर्डको बैठक बसेपछि स्वीकृत हुन्छ कि थप संशोधन आवश्यक पर्छ भन्ने थाहा हुने प्रवक्ता तथा सूचना अधिकारी टीकाराम ढकालले बताए । 'मन्त्रीज्यू र कार्यकारी निर्देशकको सल्लाहमा बैठक बस्ने हो अब यही दिन बस्छ भन्ने जानकारी हामीसँग हुँदैन,' उनले भने ।

# महिलाको हत्यामा संलग्न पाँचजना पक्राउ

**काठमाडौं (प्रस)**– काठमाडौंको गोकर्णेश्वरस्थित एक महिलाको हत्यामा संलग्न एक नाबालकसहित पाँचजनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले आइतबार उक्त घटनामा संलग्नताका आधारमा सर्लाही घर भई हाल काठमाडौं गोठाटार बस्ने २५ वर्षीय कैलाश खड्का, मकवानपुर घर भई हाल गोठाटार बस्ने २० वर्षीय सुरेश तामाङ, नुवाकोट घर भई हाल गोठाटार बस्ने २४ वर्षीय रोशन तामाङ, सिन्धुपाल्चोक घर भई हाल गोकर्णेश्वर बस्ने २० वर्षीया पूजा परियार र एक नाबालकलाई पक्राउ गरेको हो ।

यही फागुन २४ गते गोकर्णेश्वर नगरपालिका-७ नामी कलेज नजिक बाग्मती खोलाको बीच भागमा बोराभित्र पानीमा डुबेको अवस्थामा अन्दाजी वर्ष ३०/३५ वर्षकी महिलाको शव फेला परेको थियो । उक्त सूचना प्राप्त हुनासाथ प्रहरी वृत्त बौद्धबाट प्रहरी टोली खटिई गई शवपरीक्षणका लागि त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज पठाइएको थियो । प्रारम्भिक अनुसन्धानका क्रममा निजको हत्यामा ती व्यक्तिहरूको संलग्नता खुल्न आएको थियो । उपत्यकाका विभिन्न स्थानबाट पाँचैजनालाई जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट छ दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान अघि बढाइएको प्रहरी वृत्त बौद्धले जनाएको छ ।

### स्कुटर चोरीमा संलग्न दुईजना पक्राउ

ट्राफिक प्रहरीले स्कुटर चोरीमा संलग्न रहेको आरोपमा दुईजनालाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको टोलीले काठमाडौंको तारकेश्वरबाट स्कुटर चोरी गर्ने सिन्धुपाल्चोकको बाह्रविसेका २० वर्षीय शनिस श्रेष्ठ र रुकुमपूर्वका १८ वर्षीय सुशान्त बुढामगरलाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो ।

काठमाडौंको सामाखुसी बस्ने महेशचन्द्र खनालको बा८७प १६४४ नम्बरको स्कुटरलाई नम्बर प्लेट नराखीकन चलाएको अवस्थामा पक्राउ गरिएको कार्यालयका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेले जानकारी दिए । पक्राउ परेका दुवै जनालाई आवश्यक अनुसन्धानका लागि प्रहरी वृत्त बालाजु पठाइएको छ ।

ट्राफिक प्रहरीले आफ्नो सवारीसाधन सुरक्षित स्थानमा पार्किङ गर्ने, ह्विल लक, चेन लक, ह्यान्डिल लक, डिस्क लकलगायत सुरक्षा साइरनहरू जडान गर्नाका साथै नागरिकको आवतजावत नहुने एकान्त स्थानमा पार्किङ नगर्नसमेत अनुरोध गरेको छ ।

### कागजात हराएको सूचना

मिति २०८१/०८/२५ गते नक्सालदेखि कलंकी जानेक्रममा स्नातक तहको **प्रमाण-पत्र** हराएको हुँदा प्राप्त गर्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको फोन नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गरिन्छ ।

**नाम** : **ध्रुब राज पाण्डेय**
**B.E.Reg.No.**: 3-2-45-22-2013
**ठेगाना** : सुनवल-१२, नवलपरासी
**सम्पर्क नं.**: ९८५७०८३०९३

### माइग्रेसन हराएको सूचना

मिति २०८१/०१/२३ गते सामाखुसीदेखि चावहिल जानेक्रममा मेरो निम्न व्यहोरा भएको **NEB माइग्रेसन** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम** : **प्रतिक अधिकारी**
**रजिस्ट्रेसन.नं.** : ७४२७३६३४८
**सिम्बोल नं.** : २२७०९२४२
**ठेगाना** : **टोखा न.पा.३, काठमाडौं**
**सम्पर्क नं.** : ९८६१२९२०८५


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. PRO - 3
2. Reception - 1
3. Documentation - 2

तलव (पारिश्रमिक) आपसी समझदारीमा

नोट : + 2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनु पर्नेछ ।

आवेदन तल दिइएको इमेल वा ठेगानामा पठाउन सकिनेछ ।

Sandiya Human Resources Pvt. Ltd. श्रम ईजाजत नं. १०९७/०७३/०७४

Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 014374161/ 9801255090, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com


# Lamkichuha Municipality
## Office of Municipal Executive
**Bhalka, kailali**
**Sudurpaschim Province, Nepal**

## Invitation for Online Bids

**Date of publication: 2081/11/23**

1. Lamkichuha Municipality, Bhalka, Kailali invites electronic bids under e-procurement system from eligible *bidder for the following construction work as shown in table below:*

| S.N. | Contract Package ID | Description of Works | BID Security Amount | Price of BID Document NRS. (Non Refundable) | Estimated Amount RS. (Excluding VAT &Contingencies) |
|---|---|---|---|---|---|
| 1 | 11/LCM/W/ 2081/082 | Construction Of Boundary Wall At Kailash Dham | 258100.00 | 3000.00 | 8606434.20 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Lamkichuha Municipality, Kailali or may visit PPMO website www.bolpatra.gov.np/egp.Tel:091-419046 and email address of employer: lamkicm@gmail.com
3. A complete set of Bidding Documents may download fore-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Municipality as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: **Rastriya Banijya Bank, Lamki,Kailali**
Name of Office: **Lamkichuha Municipality, Kailali**
Office Account no.: **4450100301010002** LAMKI CHUHA NA.PA.(GA-1-1)-AANTARIK Rajaswa (revenue)

4. Electronic bids must be submitted through e-procurement portal http://www.bolpatra.gov.np/egp before **2081/12/24 at 12:00 hours** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2081/12/24 at 14:00 hours** at the office of Lamkichuha Municipality, Kailali. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e- bid, amounting to be mention above in table, which shallbevalidfor30daysbeyondthe validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. In case of discrepancy or error in Tender notice, bid document and other document of Construction of various Construction work mentioned above municipality reserves right to amend, Correct at any time. Such amendment and correction shall be published in the national dailynewspaper, noticeboard of the Lamkichuha Municipality, Bhalka, Kailali.
9. Any intimidation, collusion and car telling during bidding process shall be punishable bylaw.
10. If the last date of purchasing and /or submission falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**


## कतारमा रोजगार
कम्पनी : Le Mirage Downtown

पूर्व स्वीकृति मिति २०८१/११/२५ | LT. No. 320112 | चलानी नं. ६०२३४२३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR SERVICES | 2 | 0 | 1000 | ३८,२०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ४ गते (17th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## साउदीमा रोजगार
कम्पनी : Al Majd Al Tqani for Contracting Est.

पूर्व स्वीकृति मिति : २०८१/११/२१ | LT. No. 319856 | चलानी नं. ६०२३४०२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६६,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1200 | ४४,४९१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ४ गते (17th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD**
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com
श्रम ईजाजत नं. ६८४/०६३/०६४

## कतारमा रोजगार
कम्पनी : FORCE ONE CONTRACTING AND CLEANING W L L

पूर्व स्वीकृति मिति २०८१/०८/२५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/२५ | LT. No. 315213 | चलानी नं. ६०२२९५४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSIN EXECUTIVE | 5 | 0 | 2500 | ९५,५२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CASHIER | 5 | 3 | 1500 | ५७,३१४ | | | | | | | |
| 3 | Driver | 12 | 0 | 2000 | ७६,४१९ | | | | | | | |
| 4 | Foreman | 9 | 0 | 2500 | ९५,५२४ | | | | | | | |
| 5 | GENERAL CLEAN WORKER | 19 | 23 | 1000 | ३८,२१० | | | | | | | |
| 6 | General Cook | 6 | 1 | 1500 | ५७,३१४ | | | | | | | |
| 7 | HOTEL SERVICES | 4 | 4 | 1500 | ५७,३१४ | | | | | | | |
| 8 | Juice Makers | 5 | 3 | 1500 | ५७,३१४ | | | | | | | |
| 9 | labor services | 3 | 0 | 1000 | ३८,२१० | | | | | | | |
| 10 | LABOURER (MALE) | 8 | 0 | 1000 | ३८,२१० | | | | | | | |
| 11 | Mason. | 3 | 0 | 1200 | ४५,८५१ | | | | | | | |
| 12 | Receptionist | 0 | 4 | 1500 | ५७,३१४ | | | | | | | |
| 13 | Representative | 7 | 0 | 3000 | १,१४,६२८ | | | | | | | |
| 14 | Supervisor | 5 | 6 | 2500 | ९५,५२४ | | | | | | | |
| 15 | Waiter | 12 | 8 | 1500 | ५७,३१४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ४ गते (17th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

## कुवेतमा रोजगार
कम्पनी : MAGIC HAND COMPANY FOR HEALTH INSTITUTES/ SARAH RASHID AL-AZMI AND HER PARTNER

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319870 | चलानी नं. ६०२३४२१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masseurs | 2 | 0 | 155 | ६९,९८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GB Restaurant Management Co.

पूर्व स्वीकृति मिति : २०८१/११/२५ | LT. No. 320056 | चलानी नं. ६०२३४२१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 19 | 0 | 90 | ४०,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ४ गते (17th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत नं. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## साउदीमा रोजगार
कम्पनी : AL-FAW DACT TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 320013 | चलानी नं. ६०२३४१७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Cook (continental) | 2 | 0 | 2000 | ७४,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASALAT AL-IKHTIYAR GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 320014 | चलानी नं. ६०२३४१७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 12 | 0 | 1000 | ३७,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ४ गते (17th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## ओमनमा रोजगार
कम्पनी : BUDGET INVESTMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319917 | चलानी नं. ६०२१७९४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Children Cloth Sales | 3 | 0 | 130 | ४६,९७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dairy Products Salesmen-Cum-Helper | 10 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 3 | False Jewels Salesman | 7 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 4 | MEN CLOTHES SALES | 9 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 5 | Merchandise Pricing | 10 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 6 | packing and packaging worker | 9 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 7 | Pouch | 18 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 8 | READYMADE CLOTHES SALES | 6 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 9 | RUG AND CARPET SALESMAN | 6 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 10 | Shoes Salesman | 6 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 11 | Sporting Clothes Salesman | 5 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 12 | vegetable fruit package pack work male | 6 | 0 | 130 | ४६,९७१ | | | | | | | |
| 13 | WOMENS CLOTHES SALES | 5 | 0 | 130 | ४६,९७१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
रोज पार्टी प्यालेस, बुटबल, रूपन्देहीमा मिति २०८१ चैत ४ गते (17th March 2025) मा हुनेछ ।
रोयल सेन्चुरी होटल भरतपुर, चितवनमा मिति २०८१ चैत ५ गत (18th March 2025) मा हुनेछ ।
मुनाल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा मिति २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ ।
प्यासिफिक होटेल, विर्तामोड झापामा मिति २०८१ चैत ७ गते (20th March 2025) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति २०८१ चैत ८ गते (21th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BROTHERS INTERNATIONAL EMPLOYMENT Pvt. Ltd.** श्रम इजाजत पत्र नं.: ५१४/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.) गोंगबु, काठमाडौं, फोन : ०१-४९१९८११, ०१-४९१९८१२
Kathmandu Contact No: 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035 | Chitwan Contact No: 0-56512369, 0-56512368, 9769328733, 9763597744, Pokhara Contact No : 9805146850, 9856020786, 9816115627, Butwal: 9802676987, Jhapa: 9801427302, 9801427305

# राष्ट्रिय सभामा उठ्यो नाराजुलुस बढेकोदेखि हवाई सुरक्षासम्मका विषय

## सांसदहरूले गराए सरकारको ध्यानाकर्षण



■ प्रभाव संवाददाता

**काठमाडौं–** सांसदहरूले राजतन्त्र पक्षधरको नाराजुलुसदेखि दलितमाथिको विभेद, शिक्षक आन्दोलन, हवाई सुरक्षालगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

राष्ट्रिय सभाको आइतबारको बैठकको शून्य समयमा नेकपा एकीकृत समाजवादीका सांसद उदयबहादुर बोहोराले केही समययता काठमाडौंलगायत मुलुकका केही सहरमा नाराजुलुस भइरहेको उल्लेख गर्दै लोकतन्त्रमाथि प्रहार भएकामा चिन्ता व्यक्त गरे । उनले सरकार र राजनीतिक दलले कार्यशैली सच्याउन आवश्यक रहेको बताए । मुलुकबाट बेथितिको अन्त्य, महँगी नियन्त्रण र सुशासन प्रवर्द्धनमा सरकार दृढतापूर्वक लाग्नुपर्नेमा उनको जोड थियो ।

सोही पार्टीकी सांसद गोमादेवी तिमल्सिनाले लामो समयदेखि उदयपुर सिमेन्ट उद्योग नेतृत्वविहीन भएको र कर्मचारीहरूले महिनौंदेखि तलव नपाएको उल्लेख गरिन् । उनले तत्काल उद्योग सञ्चालन गर्नसमेत सरकारको ध्यानाकर्षण गराइन् ।

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले दलितमाथिको विभेदका घटना बढिरहेको उल्लेख गर्दै ती घटनामा संलग्नहरू कानुनी दायरामा आउन माग गरे । उनले पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न सरकारसमक्ष माग गरे ।

सांसद मदनकुमारी शाहले महिलालाई आत्मनिर्भर बनाउन र समृद्ध नेपाल निर्माणको अभियानमा लाग्न आग्रह गरिन् । सांसद राजेन्द्रलक्ष्मी गैरेले सामुदायिक विद्यालयमा पठाउने शिक्षक आन्दोलनमा रहेको उल्लेख गर्दै विगतमा भएका सम्झौता कार्यान्वयन हुन नसकेको बताए । उनले शिक्षकको माग सम्बोधन गर्नसमेत माग गरे ।

नेपाली कांग्रेसकी सांसद दुर्गाकुमारी गुरुङले बर्दिया राष्ट्रिय निकुञ्ज आसपासका बासिन्दा जंगली जनावरको आक्रमणको त्रासले सास्ती बेहोरिरहेको उल्लेख गर्दै निकुञ्ज क्षेत्रका बस्तीमा तारजालीको व्यवस्था गर्न माग गरिन् । कांग्रेसकै सांसद नारायणदत्त मिश्रले देशभरका शिक्षकहरू आन्दोलनमा रहेको भन्दै उनीहरूको मागलाई वार्ताको माध्यमबाट समाधान खोज्न सरकारसमक्ष माग गरे । उनले महिलाको हक अधिकार संरक्षण र यसको क्षेत्रको दायरा फराकिलो बनाउन सरोकारवाला गम्भीर हुनुपर्नेमा जोड दिए ।

सांसद युवराज शर्माले संविधानको संरक्षण र कार्यान्वयनका लागि यसका पक्षधर राजनीतिक दलहरूबीच अधिकतम सहमति गरी मुलुकमा सुशासन प्रवर्द्धन र जनआकांक्षा पूरा गर्न प्रतिबद्धताका साथ लाग्नुपर्नेमा जोड दिए । नेकपा माओवादी केन्द्रका सांसद भुवनबहादुर सुनारले मुलुकका केही स्थानमा भएका घटनाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराए । सोही पार्टीका सांसद सुरेश आले मगरले महिला मुक्ति आन्दोलनका लागि अझै संघर्ष जरुरी रहेको बताए । उनले बागबजारदेखि मैतिदेवीसम्मको सडक दुईतर्फी बनाउन सरकारसमक्ष माग गरे ।

जनता समाजवादी पार्टीका सांसद मोहम्मद खालिदले केही दिनअघि बुद्ध एयरको एउटा जहाज जनकपुरबाट पांग्राविना काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको विषयले हवाई सेवा र सुरक्षित यात्राबारे प्रश्न उठेको भन्दै सरोकारवालाको ध्यानाकर्षण गराए । 'यस्ता घटनाले पर्यटन क्षेत्रलाई समेत हतोत्साहित गर्छ । कुनै भौगोलिक विविधता र मौसमको प्रतिकूलता थिएन । सरोकारवालाले गम्भीरतापूर्वक अब यस्ता घटना सकेसम्म नदोहोऱ्याउने प्रतिबद्धता जनाउन जरुरी छ,' उनको माग छ ।

Gandaki Province Government
**Ministry of Physical Infrastructure Development and Transport Management**
**Infrastructure Development Directorate**
**Urban Development and Building Office**
**Kaski**

## Notice for the Letter of Intent

**Date of Publication: 10th March 2025 (2081/11/26)**

According to Sub Clauses 27(2) and 27(3) of the Public Procurement Act 2063, this is to notify all the bidders who had submitted their bids for the contract identification number as mentioned below, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has selected to award the contract.

| SN | Name of Project | Contract ID | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Excluding P.S. and VAT) |
|---|---|---|---|---|
| 1 | Construction of Disaster Storage and Parapet Building at Paschim Pritana, Bijyapur. | UDBOKASKI/ NCB/W/14/2081/82 | Sabira Construction Pokhara-17 Kaski | 3,266,459.30 |

## पथरी शनिश्चरे नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८१/११/२६**

प्रस्तुत विषयमा यस पथरी शनिश्चरे नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८१/१०/२२ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित वोलपत्र आह्वानको सूचना बमोजिम उल्लेखित म्यादभित्र पेश भएका वोलपत्रहरूको मुल्यांकन हुँदा देहाय बमोजिमको वोलपत्र प्रस्ताव सारभूतरूपमा प्रभावग्राही ठहरी स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थका लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम / ठेगाना | कबोल अंक (भ्याट र पि एस सहित) |
|---|---|---|---|---|
| १. | PSMUN/NCB/ WORKS/ 2081/082-12 | ओम सियार जम्मुलिङ बज्र गुम्बा भवन निर्माण पथरी शनिश्चरे न.पा. १० | श्री आभास कन्स्ट्रक्सन, कानेपोखरी गाउपालिका-०५,मोरङ | रु ४२,४१,०७१।६४ |
| २. | PSMUN/NCB/ WORKS/ 2081/082-13 | पथरी शनिश्चरे भरी कालोपत्रे वाटो मर्मत ०८१/०८२ | श्री जय भवानी निर्माण सेवा, पथरी शनिश्चरे नगरपालिका-१०,मोरङ | रु ८८,६२,२६१।१७ |

**प्रमुख प्रशासकीय अधिकृत**

**PRiME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: ताप्लेजुङ्ग
फोन नं. : ०२४- ४६०७०१/०२

को

## शाखा कार्यालय ताप्लेजुङ्गको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/११/२६ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय ताप्लेजुङ्गबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८१/१०/१० गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**१. ऋणीको विवरण**

लाल वहादुर श्रेष्ठको नाति, विष्णुलाल श्रेष्ठको छोरा ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **हरिनन्द नेवार (श्रेष्ठ) (ना.प्र.प.नं. ६१४९५/७७७२, ताप्लेजुङ्ग)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

विष्णुलाल श्रेष्ठको बुहारी, हरिनन्द नेवार (श्रेष्ठ) को पत्नी, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **सृजना कार्की (ना.प्र.प.नं. ५४४८४/७२८३ , ताप्लेजुङ्ग)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

**हरिनन्दनेवार (श्रेष्ठ)** को नाममा मालपोत कार्यालय ताप्लेजुङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलीङ गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. २३३० को क्षेत्रफल ३-३-१-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

**२. ऋणीको विवरण**

मकरधोज लिम्बुको नाति, श्रीधोज लिम्बुको छोरा, ताप्लेजुङ्ग जिल्ला इखाबु गा.वि.स. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **नरेन्द्र लिम्बु (ना.प्र.प.नं. ०११०२०/३४३, ताप्लेजुङ्ग )**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

श्रीधोज लिम्बुको बुहारी, नरेन्द्र लिम्बुको पत्नी, ताप्लेजुङ्ग जिल्ला इखाबु गा.वि.स. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **अमिस्का लिम्बु (ना.प्र.प.नं. ०११०२०/३६०, ताप्लेजुङ्ग )**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. **नरेन्द्र लिम्बुको** नाममा मालपोत कार्यालय ताप्लेजुङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलीङ गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. १४५६ को क्षेत्रफल ०-४-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।
२. **नरेन्द्र लिम्बुको** नाममा मालपोत कार्यालय ताप्लेजुङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको ताप्लेजुङ जिल्ला, दोखु गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ८०६ र ८३५ को क्रमश : क्षेत्रफल ०-९-०-० र ०-७-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

**३. ऋणीको विवरण**

विष्णुलाल दर्जीको नाति, धर्मराज नेपाली दर्जीको छोरा, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **राजु नेपाली (ना.प्र.प.नं. ६३०२८/७९०५, ताप्लेजुङ्ग)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. विष्णुलाल दर्जीको नाति, धर्मराज नेपाली दर्जीको छोरा, ताप्लेजुङ्ग जिल्ला फुङलिङ गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **अशोक नेपाली (ना.प्र.प.नं. ४०७६६/५५४२ ताप्लेजुङ्ग)**
२. विष्णुलाल दर्जीको बुहारी, धर्मराज नेपालीको पत्नी, ताप्लेजुङ्ग जिल्ला, फूरुम्वू गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **पुना दमाई (ना.प्र.प.नं. १२९/२३०/१ ताप्लेजुङ्ग)**
३. दलवीर दर्जीको नाति, विष्णुलाल दर्जीको छोरा, ताप्लेजुङ्ग जिल्ला, फावाखोला गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **धर्मराज नेपाली (ना.प्र.प.नं. १४६६/१३५ ताप्लेजुङ्ग)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. **धर्मराज नेपाली दर्जीको** नाममा मालपोत कार्यालय ताप्लेजुको लगतमा दर्ता श्रेस्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलीङ गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १२९४ को क्षेत्रफल ०-८-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।
२. **पुना दमाईको** नाममा मालपोत कार्यालय ताप्लेजुङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलीङ गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १०५७ को क्षेत्रफल ०-८-२-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

**४. ऋणीको विवरण**

सिद्ध बहादुर पालुङवाको बुहारी, खड्क बहादुर पालुङवाको पत्नी, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ्ग गा.वि.स. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **सोमा देवि सुनुवार (ना.प्र.प.नं. ५०४९/२२७, ताप्लेजुङ्ग )**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. खड्क बहादुर पालुङवाको नाति, सिद्द बहादुर पालुङवाको छोरा, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ्ग गा.वि.स. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **खड्क बहादुर पालुङ्वा (ना.प्र.प.नं. १३२/५०१२, ताप्लेजुङ्ग )**
२. जय बहादुर पालुङवाको बुहारी, जित बहादुर पालुङवाको पत्नी, ताप्लेजुङ्ग जिल्ला, खोक्लीङ गा.वि.स. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **देउमाया लिम्बु (ना.प्र.प.नं. ९०/९८६, ताप्लेजुङ्ग )**
३. डिल्ली कुमार लिम्बुको बुहारी, भिम कुमार लिम्बुको पत्नी, ताप्लेजुङ्ग जिल्ला, खेवाङ गा.वि.स. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **सुनीता लिम्बु (ना.प्र.प.नं. ०११०४३/१२२, ताप्लेजुङ्ग)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

**सोमा देवि सुनुवारको** नाममा मालपोत कार्यालय ताप्लेजुङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलीङ गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ९१३ को क्षेत्रफल ०-४-०-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/११/२६ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय ताप्लेजुङ्गबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/१२/११ गते सोमबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/१२/१२ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय ताप्लेजुङ्गमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# दलहरूको अकर्मण्यता

दलहरूप्रति जनताको विश्वास घट्दो छ। कारण एउटै हो– भविष्यप्रति दलका नेताको कुनै चिन्ता देखिँदैन। चुनाव जित्न जसरी एजेण्डा सेट गरिन्छ, त्यसैगरी सरकारमा एक–दुई वर्ष बस्न एजेण्डा सेट गर्छन्। कुन दिन सरकार छाड्नुपर्ने हो कुनै दलका नेतालाई केही थाहा छैन। कारण कुनै योजना वा भिजन नभएपछि कुम्लो बोकेर हिँड्छन् मन्त्री भएकाहरू। अहिले सत्तामा भएको पार्टी हुन्– नेपाली कांग्रेस र नेकपा एमाले। दुवै दलको योजना केही देखिन्न। प्रधानमन्त्री एमाले अध्यक्ष केपी शर्मा ओली छन्। सरकार प्रमुखको काम केही देखिन्न। ओलीले गरेको एउटै काम हो– यो सरकार ढल्दैन भन्ने।

सत्ता सहयात्री नेपाली कांग्रेस आफ्नै सुरमा छ। सरकारलाई सहयोग गर्नुको साटो बेतुकको आलोचनामै समय खेर फाल्छ। नेता व्यवस्थापन गर्न नसक्दा कांग्रेस आफैं समस्याग्रस्त छ। देश बनाउनुभन्दा कांग्रेस पूर्वपश्चिममा दौडिरहेको छ। हुन त कांग्रेसले आइतबारबाट ‘मिसन रोजगारी’ अभियान सुरु गऱ्यो। तर कांग्रेसका युवा नेताबाट थालेको यो काममा कमैले विश्वास गरेका छन्। यता प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको पछिल्लो सदाबहार अभिव्यक्ति हो– सरकार ढल्छ। वास्तवमा भन्ने हो भने अहिले माओवादी अध्यक्ष दाहाल र प्रधानमन्त्री ओलीको ब्याटलमात्र छ देशमा। सरकार ढल्छ–सरकार ढल्दैन।

यही मेसोमा पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट आउँदा राजावादी दल र समूहरूले त्रिभुवन विमानस्थलमा भव्य स्वागत गरे। यो तयारी सरकारलाई थाहा थियो। दललाई थाहा थियो। सरकार भने आफ्नो काम छाडेर पूर्वराजाको सवारबारे अनेकन अभिव्यक्ति दिएर उनैलाई मैदान तयार पारिदिनेतिर उद्दत देखिन्छ। प्रधानमन्त्रीले राजनीतिमा ‘वेलकम’ भन्ने, गृहमन्त्री रमेश लेखक उस्तै अभिव्यक्ति दिने। दलका पदाधिकारी पनि प्रतिक्रिया दिनमा उस्तै उस्ताद।

राजावादी सल्बलाउँदा के दलहरू यसरी नै ओठे जवाफ फर्काएर बस्ने त ? के उनीहरूले आफूलाई समीक्षा गर्नुपर्दैन ? कति कमीकमजोरी छन्, तिनमा सच्चिने उपाय खोज्नुपर्दैन ? दलका नेता र गणतन्त्रका नेतृत्वले यो प्रश्नको जवाफ खोज्नैपर्छ। अहिले व्यवस्था जोगाउने स्ट्रेस आएको छ। यो विषयलाई अकर्मण्यता देखाएर अवमूल्यण गर्न हुन्न। योजना र कामतिर लागेमा जनताको साथ लोकतन्त्रलाई रहिरहन्छ। त्यसैले जनतामा नयाँ आशाको सञ्चार गरी वितृष्णा फैलाउने मैदान चाँडो भत्काउनतिर लागौं।

श्रम सरोकार

## ओमान जानुपूर्व जान्नैपर्ने कुराहरु

पासपोर्ट, भिसा, करारपत्र, श्रम स्वीकृति, रकम बुझाएको भर्पाइलगायतका कागजातहरू ठीक दुरूस्त भए नभएको यकीन गर्नुहोस्। कागजात ठीक भएपछि एक सेट छाँयाप्रति घरमा छोडेर जानुहोस्। रोजगारदाताले दिने सुविधाः तलब, आवास, खाना, ओभरटाइम, कार्यघण्टा, कार्यदिनसहितको श्रम सम्झौता रोजगारदाताको सही भएको छ छैन विचार पुऱ्याउनुहोस्। दोहोरो श्रम सम्झौता गरेर नजाउनुहोस्। वैदेशिक रोजगारीमा जानुपूर्व आफूले गर्ने कामसम्बन्धी तालिम लिनुपर्दछ। आवश्यक सीप भएमा बढी पारिश्रमिक पाइन्छ भने जोखिम पनि कम हुन्छ। वैदेशिक रोजगारीका लागि सरकारले स्वीकृति दिएको स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराउनुपर्दछ। गर्भवती, दीर्घरोगी, अशक्त, यौनरोग, क्षयरोग, एचआइभी, टिबी, हेपाटाइटिस आदि रोग लागेमा वैदेशिक रोजगारमा जान पाइँदैन। प्रवेशाज्ञा लिएको तीन महिनाभित्र गन्तव्य देशमा पुगिसक्नुपर्दछ। करार अवधि थप गरेमा बिमा थप गर्नुपर्दछ अन्यथा बिमाबापतको सुविधा पाइँदैन। उमेर र रोजगार अवधिअनुसार बिमा शुल्क फरक-फरक हुने गर्दछ।

भिसा लागेपछि म्यानपावर कम्पनीलाई तिर्नुपर्ने सेवा शुल्कबापतको १० हजार रूपैयाँ बुझाइ सोको भर्पाइ लिनुपर्दछ। सो भन्दा बढी रकम मागे ठगी गर्ने नियत रहेको बुझ्नुपर्दछ। वैदेशिक रोजगारमा जाने सबैले अभिमुखीकरण तालिम नलिई श्रम स्वीकृति पाइँदैन। श्रम स्वीकृति करारपत्रमा उल्लेख भएको समयका लागिमात्र हो करार अवधि थप गर्दा पुनः कल्याणकारी कोषमा रकम दाखिला गर्नुपर्दछ। स्वदेशको विमानस्थलको प्रयोग गर्नुपर्दछ। आवश्यक कागजात सीमानाकामा देखाउनुपर्दछ र व्यवसायीको आधिकारिक प्रतिनिधि साथै हुनु पर्दछ।

अरबिक भाषाको सामान्य शब्दावली बुझ्ने र सोध्नसक्ने भएर जाँदा राम्रो हुन्छ। ओमानको कुन ठाउँमा जानुपर्ने जहाजबाट कहाँ पुगिने कति समय लाग्ने यकीन गरेर सोहीअनुसार खर्च र अन्य आवश्यक व्यवस्था गरेर जानुहोस्। नेपाल सरकारले घरेलु कामदार, निजी चालक, गार्डेनर तथा भान्से आदिलाई ओमान जान श्रम स्वीकृति प्रदान गर्दैन। कसैको लोभलालच वा आश्वासनमा परेर गलत तरिका वा बाटोबाट यस्ता काममा नजानुहोस्। विमानस्थलको अध्यागमन क्लियर भएपछि आफूलाई लिन आउने मानिस सही हो होइन नाम वा फोन नमबरबाट यकीन गर्नुहोस्। पासपोर्ट जसलाई पायो उसैलाई नदिनुहोस्। अर्कै रोजगारदाताले लैजान सक्ने भएकोले चनाखो हुनुहोस्।

# अस्वस्थ प्रतिस्पर्धाले होटल क्षेत्रमा चुनौती



▪ सिर्जना राणा

नेपालमा होटल क्षेत्रको विकास र विस्तार लोभलाग्दो देखिन्छ। तर, हामीले लगानी अन्धाधुन्ध गरिरहँदा 'डिमाण्ड एण्ड सप्लाई'को सिद्धान्तलाई सामान्यरूपमा पनि ख्याल गरिरहेका छैनौं। म आफैं होटल सञ्चालक भएर र होटल संघको नेतृत्व पनि सम्हालिसकेको भएर नयाँ होटललाई लाइसेन्स नदेऊ भन्न त मिलेन तर यसले जोखिम बढाएको छ। नेपालमा यति धेरै होटल भइसक्यो, तर पर्यटक कहाँबाट ल्याउने ?

सरकारले होटललाई उद्योगको मान्यता दिन कञ्जुस्याइँ गरिरहेको छ। हाल पर्यटनलाई विश्वका प्रायः सबै मुलुकले उद्योगका रूपमा मान्यता दिइसकेको अवस्था छ। हाम्रो देश नेपालले भने अहिलेसम्म औपचारिकरूपमा यो विषयमा निर्णय गरिसकेको छैन। सरकारमा बस्नेहरु सकारात्मक छन् तर निर्णय भएको छैन। होटलमार्फत हामीले रोजगारी सिर्जना, क्षमता अभिवृद्धिदेखि ठूलो परिमाणमा विद्युत् खपत तथा स्थानीय उत्पादन खरिद गरेर किसानसम्म लाभ बाँडिरहेका छौं। तर, अझै पनि उद्योगले जस्तो विद्युत् खपतमा छुट पाउन सकेका छैनौं।

नेपाली पर्यटनको इतिहास केलाउने हो भने वि.सं. २००७ सालपछि मात्र यहाँ घुमघामका लागि विदेशी पर्यटकका लागि खुला गरिएको हो। यसअनुसार नेपालमा पर्यटन उद्योगको व्यवस्थित सुरुआत भएको साढे सात दशक भइसकेको छ। पर्यटनको मुख्य आधार भनेको होटल व्यवसाय नै हो। पर्यटकहरू त हवाईजहाज नभए गाडीबाट र गाडी पनि नभए हिँडेरै पनि आउन सक्छन्। तर, होटल पनि नभए कहाँ बस्ने ? के खाने ? यसैले समग्र पर्यटनको जग भनेकै होटल हो। यसैले मेरो यो आलेखमा होटल क्षेत्र केन्द्रित रहेर समग्र नेपाली पर्यटनको संकट र यसको समाधानका लागि के गर्न सकिन्छ भन्ने विषय केलाउने प्रयास गर्दै छु।

नेपालमा खुलेको पहिलो तारे होटल अन्नपूर्णले स्थापनाको ५० वर्ष पूरा गरेको पनि दशक पूरा हुनै लागिसक्यो। यसरी छ दशकको व्यवस्थित होटल अभ्यास हाम्रा लागि छोटो कालखण्ड पक्कै होइन। पछिल्लो दशकमा होटल स्थापनाको क्रम बढेको छ। तर, लामो समयसम्म नेपालमा होटलहरू सीमित संख्यामा थिए। यसको कारण अर्थतन्त्रको आकार, पर्यटक आगमनको अवस्था, हाम्रो लगानी क्षमता, नेपालीहरू आफैं विदेश गएर केही सिकेर फर्कने प्रचलनदेखि हाम्रो देशमा घरजग्गालगायतका व्यवसायमा आएको उछाललगायत अन्य धेरै कारणहरू हुन सक्छन्। जे होस्, होटल क्षेत्रमा आशालाग्दो लगानी भित्रिएको छ। आन्तरिक लगानीसँगै चेन होटलहरू पनि भित्रिने क्रम बढेको छ। यसलाई हामीले सकारात्मकरूपमा लिन सक्छौं।

## नीतिगत अस्थिरताको मार

होटल क्षेत्रको समस्या र व्यवस्थापनको विषय प्रवेश गर्नुपर्दा नेपालमा समग्र पर्यटन क्षेत्रमै देखिएको सदावहार समस्याको चर्चा गर्नु उचित हुन्छ। हाम्रो मुलुकमा राजनीतिक परिवर्तन धेरैपटक भए पनि शासन सत्तामा स्थायित्व देखिन सकेको छैन। गठबन्धन सरकारहरू बन्ने र भत्कने क्रम सामान्य जस्तै छ। यसको असर स्थायी सरकार भनिने कर्मचारीतन्त्रमा पनि देखिनु दुर्भाग्यपूर्ण छ। मन्त्री त आउँछन्, जान्छन्। त्यो हाम्रो वशको कुरा पनि भएन। तर, हरेक मन्त्रीलाई 'ब्रिफ' गर्ने त कर्मचारीतन्त्रले हो। खासगरी सचिवले हो। तर, मन्त्री फेरिएसँगै सचिव पनि फेरिने प्रवृत्तिले हाम्रो पर्यटनलगायत सबै क्षेत्रमा काम हुन नसकेको हो। जब मन्त्रीलाई ब्रिफ गर्नुपर्ने सचिव र सहसचिवहरू नै बारम्बार फेरिइरहन्छन् भने नयाँलाई बुझ्न त समय लाग्छ नै। त्यसै पनि हाम्रो देशमा मन्त्री नियुक्त हुने १५ मिनेट अघिसम्म कुन मन्त्रालयको जिम्मेवारी पाउँदै छु भन्ने मन्त्री स्वयंलाई थाहा हुँदैन भने उसले पूर्वतयारी गरेर वा यो क्षेत्र बुझेर जिम्मेवारी सम्हाल्छ भन्ने आशा गर्न सकिँदैन। कम्तीमा नयाँ मन्त्रीले त्यो मन्त्रालय बुझेको सचिव त नफेरिदिए हुन्थ्यो भन्ने हाम्रो चाहना हो।

नीतिगत अस्थिरताको मार अन्य क्षेत्रमा जस्तो हाम्रो पर्यटन र होटल क्षेत्रमा नहोला तर निर्णय कार्यान्वयनमा हुने ढिलासुस्तीलाई हाम्रो 'महारोग' नै हो। हामीलाई नयाँ मन्त्री, सचिवलाई कुरा बुझाउने नै समय लाग्छ। जब उहाँहरू कन्भिन्स हुनुहुन्छ, सरुवा भइहाल्छ। यसैले पनि हामीले अपेक्षित उलब्धि यस क्षेत्रबाट हासिल गर्न सकेका छैनौं। सरकार र हामी व्यवसायीले पनि अपेक्षित लाभ प्राप्त गर्न सकेका छैनौं।

## स्वार्थकेन्द्रित नेतृत्व

पर्यटन क्षेत्रमा अहिलेसम्म जति पनि मन्त्री हुनुभयो, उहाँहरूको प्रवृत्ति हेर्दा मैले के पाएँ भने उहाँहरू हामीजस्ता राजनीतिक पृष्ठभूमि नभएका र व्यवसायमात्र गर्नेभन्दा पनि राजनीतिक पृष्ठभूमि भएका व्यवसायीहरूसँग बढी 'इन्टरटेन' गर्नुहुँदो रहेछ। हामीलाई व्यक्तिगतरूपमा उहाँहरूले बोलाउनुहोला वा नहोला त्यसमा ठूलो विषय भएन तर हाम्रा संस्थाहरू छन्। पर्यटन क्षेत्रमा छाता संस्थाहरू छन्, ती संस्थालाई भन्दा पनि एक दुईजना व्यवसायी नै बोकेर उहाँहरूकै स्वार्थमा चल्ने मन्त्रीहरू मैले देखेको छु। पर्यटनमा जम्माजम्मी पाँचवटा मात्र संस्था छन्। ती संस्थालाई एकपटक भेटेर गुनासो सुन्नेबाहेक 'फलोअप' कहिल्यै गरिँदैन।

निजी क्षेत्रमा पनि उत्तिकै राजनीति छ र हामी कमजोर भइरहेका छौं। हाम्रो यही कमजोरीमा मन्त्रीलगायत नेतृत्वले खेलिरहेको छ। पर्यटनका सबै विधालगायत यस क्षेत्रका अनुभवी व्यक्तित्वहरूको कुरा सुनेर नीति बनाऔं र निर्णय गरौं भन्ने भावनाको विकास मन्त्रीहरूमा हुनुपऱ्यो। कानुन बनाउने सांसदहरूमा हुनुपऱ्यो र कार्यान्वयन गर्ने सचिवहरूमा हुनुपऱ्यो। एउटाको कुरा सुनेर सयौं व्यवसायीका विधागत संस्थाहरूलाई उपेक्षा गर्नुचाहिँ ठीक भएन।

## प्रडक्टमा विविधता

हामीले पर्यटनको प्रडक्टमा विविधता ल्याउन सकिरहेका छैनौं। अहिलेसम्म नेपालमा कति पर्यटकीय प्रडक्ट छन् र तिनमा निखारता ल्याउन हामीले के गरिरहेका छौं भन्ने नै छैन। म आफैं होटल संघको अध्यक्ष हुँदा 'नेपालः इस्ट टु वेस्ट' भन्ने पुस्तक नै निकालेर बाँडेको थिएँ। अहिले त्यही पुस्तक पर्यटकहरूले बोकेर हिँडिरहेको देख्दा खुसी पनि लाग्छ। नेपालमा कहाँ के छ, पर्यटकहरूलाई कसरी धेरैभन्दा धेरै ठाउँमा लैजान सकिन्छ भन्नेमा हामी चुकिरहेका छौं। म नेपाल भारत उद्योग वाणिज्य संघको अध्यक्ष हुँदा 'स्पिरिचुअल टुरिजम'सम्बन्धी पुस्तिका सार्वजनिक गरेको थिएँ। हाम्रा पितापुर्खाको पालादेखि आध्यात्मिक पर्यटन चलिआएको छ भने हामीले यसलाई किन अझै प्रवर्द्धन नगर्ने ?

हालैमात्र म तीनजुरेमा लालिगुराँस हेर्न गएँ, जहाँ ३६ प्रकारका लालिगुराँस पाइने रहेछन्। त्यसको प्रचारप्रसार कसरी गर्ने ? मेरो बच्चाहरूलाई समेत त्यसको बारेमा थाहा छैन। हामी नेपालीको सबैभन्दा ठूलो कमजोरी भनेकै हामीलाई काम गर्ने तरिका नै आएन। हामीले एकपटक गर्नेबित्तिकै सकियो भन्ने ठान्छौं। त्यहाँ खर्च भएको पुँजी, सम्पत्ति त्यत्तिकै खेर गइरहेको हुन्छ। एउटा प्रडक्ट भएको ठाउँमा थप कसरी विकास गर्दै जाने हो भन्ने पनि हुनुपर्छ।

## पर्यटन बोर्डको अधोगति

नेपाल पर्यटन बोर्ड दक्षिण पूर्वी एसियामा सार्वजनिक निजी साझेदारीको नमूना संस्था भनेर हामी गर्व गर्दथ्यौं। विगतमा हाम्रा विदेशी मित्रहरूले पनि यसको प्रशंसा गर्दथे। अहिले त हामीले यसको शाख पूरै गिराइसकेका छौं। कारण हो, राजनीति। हामीले यसरी राजनीतिको प्रदूषण बोर्डमा छिरायौं कि पर्यटन क्षेत्रले नै लज्जाबोध गर्नुपर्ने स्थिति बनिरहेको छ। जुन संस्थाले नेपालको प्रडक्टबारे अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्नुपर्ने हो, त्यही संस्था कहिले बोर्ड सदस्य त कहिले प्रमुख कार्यकारी अधिकृत (सिइओ)को विवादमा अल्झिएर बसेको छ। अर्थतन्त्र र राजनीतिलाई छुटचाउन सकेनौं भने यस्ता समस्या भविष्यमा पनि दोहोरिइरहने छन्।

बोर्डलाई प्रभावकारी बनाएर हामीले भारत र चीनबाहेक अन्य मुलुकबाट पनि ठूलो संख्यामा पर्यटक ल्याउनसक्ने सम्भावना जीवितै छ। बोर्डसँग बजेट पनि छ र काम गर्ने अनुभव पनि छ। तर, यसलाई राजनीतिबाट टाढा राख्नचाहिँ निकै गाह्रो देखिन्छ। बोर्ड सदस्य छनोटदेखि बजेट निर्माणसम्ममा मन्त्री र राजनीतिक पार्टीकै स्वार्थ हाबी भइरहने हो भने हामीले पनि यसको औचित्यबारे पुनर्विचार गर्नुपर्छ।

## भारत र चीनबाट लाभ

हाम्रो छिमेकमा रहेका दुई ठूला मुलुक नै हाम्रा लागि सबैभन्दा ठूलो स्रोत हुन्। भारत र चीन दुवै तीव्र आर्थिक विकासमा अघि बढेका छन्। ती मुलुकबाट ठूलो संख्यामा पर्यटक ल्याउन सकिने सम्भावना पनि छ। मेरो अनुभवमा भारतीयहरू त जति पनि खर्च गर्ने पर्यटक हुन् भने उनीहरूलाई अझै खर्च गर्ने वातावरण बनाइनुपर्छ। यसमा पनि प्रडक्टकै कुरा आउँछ। मैले मेरै छोरीलाई 'स्याम्पेन ब्रेकफास्ट इन दि एभरेस्ट बेसक्याम्प' भन्ने प्रडक्ट सुनाउँदा उनी यसरी लोभिइन् कि मैले उनलाई बर्थडे ट्रिट नै यही दिनुपऱ्यो। सुन्दा पनि कति आनन्द आउने कि एभरेस्ट बेसक्याम्पमा ब्रेकफास्ट लिने भनेर। अहिलेको युवा पुस्ता एडभेञ्चरमा रमाउँछ भने उनीहरूका लागि यो र योजस्तै प्रडक्टहरू किन नल्याउने ? यस्तो प्रडक्टको मार्केटिङका लागि बिहार हैन बिग सिटीमा जानुपर्छ। प्रडक्टलाई कहाँ मार्केटिङ गर्ने हेरिनुपर्छ। धार्मिक पर्यटनको मार्केटिङ दक्षिण भारतमा गर्न सकिन्छ। भारतबाट धार्मिकदेखि फिल्म पर्यटनसम्मको सम्भावना छ।

नेपालले बहुआयामिक लाभ लिन सकिने क्षेत्रमध्ये पर्यटन क्षेत्र एक हो। प्रत्यक्ष वैदेशिक मुद्रा आर्जन, स्थानीय वस्तुको खपत तथा बिक्रीमार्फत स्वरोजगारको विकास, होटल क्षेत्रको बिस्तारमार्फत रोजगारी सिर्जनालगायतमा पर्यटन क्षेत्रको योगदान ठूलो रहन्छ। प्राकृतिक सुन्दरता, हिमाल आरोहण, ट्रेकिङ, धार्मिकस्थल र अध्यात्मिक केन्द्रको रूपमा नेपाल परिचित छ। बिदा मनाउने उद्देश्यले प्राकृतिक सुन्दरताको अवलोकन गर्न आउने विदेशी पर्यटकको संख्या ठूलो छ। हिमाल आरोहण र तीर्थयात्राका लागि आउने पर्यटकको संख्या पनि बर्सेनि बढ्दै आइरहेको छ। पर्यटन पूर्वाधारमा बिस्तार, नयाँ गन्तव्यको विकास, यात्रालाई सुरक्षित, सहज र छिटो बनाउन सकेको खण्डमा नेपालमा पर्यटकको संख्या बढाउन सकिन्छ। साथसाथै उनीहरूको नेपाल बसाइ लम्ब्याउन र दैनिक खर्च बढाउने वातावरण निर्माण गर्न सकेको खण्डमा पर्यटनबाट हुने आय बढाउन सकिन्छ। संख्यामाभन्दा पनि गुणस्तरीय पर्यटक प्रवर्द्धनमा नेपालले ध्यान दिनुपर्छ। छिमेकी मुलुक भारत र चीनबाट आउने पर्यटकको संख्या पछिल्ला वर्षहरूमा निकै बढेको छ। विशेष प्रवर्द्धनात्मक कार्यक्रम ल्याएर उनीहरूलाई नेपालप्रति आकर्षित गर्न सके छोटो समयमै पर्यटन क्षेत्रबाट धेरै लाभ लिनसक्ने अवसर प्राप्त हुने छ।

## कसरी चल्छन् होटल ?

नेपालमा होटल क्षेत्रको विकास र विस्तार लोभलाग्दो देखिन्छ। तर, हामीले लगानी अन्धाधुन्ध गरिरहँदा 'डिमाण्ड एण्ड सप्लाई'को सिद्धान्तलाई सामान्यरूपमा पनि ख्याल गरिरहेका छैनौं। म आफैं होटल सञ्चालक भएर र होटल संघको नेतृत्व पनि सम्हालिसकेको भएर नयाँ होटललाई लाइसेन्स नदेऊ भन्न त मिलेन तर यसले जोखिम बढाएको छ। नेपालमा यति धेरै होटल भइसक्यो, तर पर्यटक कहाँबाट ल्याउने ? बाटोको अवस्था हेर्नुस्। एयरपोर्ट सञ्चालनको गति हेर्नुस्। पर्यटक कहाँबाट आउँछन् ? लगानी गर्नेको लगानी भइसक्यो, अझै पनि लाइसेन्स भटाभट दिइरहेकै छ। तर होटल खोल्नेले कहाँबाट पर्यटक ल्याउँछ भनेर कसैले सोध्दैन। न होटल बनाउनेले भरपर्दो बिजनेस प्लान नै बनाएको हुन्छ।

होटल प्रडक्ट हो तर होटलमा बस्ने पर्यटक ल्याउने पूर्वाधार छैन। होटल सञ्चालनको लागत पनि बढिरहेकै छ। दक्ष जनशक्ति धमाधम बाहिर जान लागे। यहाँ दक्ष जनशक्ति पाउनै गाह्रो भइसकेको छ। होटल म्यानेजमेन्ट पढेका व्यक्तिहरूलाई यहाँ सिकाएर काम गर्नसक्ने बनायो तर उनीहरू विदेश गइहाल्छन्। यसले बढी पैसा तिरेरै भए पनि उनीहरूलाई राख्नु परिरहेको छ। पर्यटकबाट आम्दानी हुने अनुपातमा हामीले पनि कर्मचारीलाई तलब दिने हो तर होटलको संख्या नै धेरै भएपछि स्वाभाविकरूपमा हामीले बढी शुल्क लिन सक्दैनौं र त्यसको असर कर्मचारीको तलबमा पनि पर्न जान्छ। नेपालमा पर्यटकको संख्या सन् २०१९ को जति अझै पुग्न सकेको छैन तर यो चार वर्षमा थपिएका होटलको संख्या हेर्ने हो भने डिमाण्डभन्दा कयौं गुणा बढी सप्लाई भइरहेको छ। यसले निश्चय पनि नयाँ होटलबीच कसले सस्तोमा सेवा दिने भनेर अस्वस्थ प्रतिस्पर्धा चल्ने छ र त्यसको मारमा हामी पुराना पनि पर्ने छौं।

## चेन होटलबाट सुधारको अपेक्षा

नेपालमा चेन होटलहरू खुल्ने क्रम पनि बढिरहेको छ। निश्चय पनि यो सुखद् पक्ष हो। चेन होटलमार्फत पर्यटक पनि स्वाभाविकरूपमा बढ्ने छन्। चेनमार्फत पनि पर्यटकहरू आउने छन्। चेन होटलका कारणले होटलमा श्रमिक र व्यवस्थापकबीचको दूरी पनि घट्ने छ। यो सुखद् कुरा हो। नयाँ होटलमा ट्रेड युनियनहरू हुँदैनन् र कर्मचारीको सामाजिक सुरक्षाको दायित्व पनि पुरानोमा भन्दा कम नै हुन्छ। चेन होटलले करारमा काम गराउँछन् र क्षमता तथा उत्पादकत्वका आधारमा पे गर्ने भएकाले राम्रो काम गर्ने प्रतिस्पर्धा सिर्जना हुन्छ। चेन होटलले स्थानीय होटलमा पनि राम्रोसँग काम गर्ने प्रवृत्तिको विकास हुने छ। चेन होटलमार्फत नेपालको स्थानीय मौलिकता हराउँछ कि भन्ने चिन्ता धेरैमा रहेछ। तर, चेनको विशेषता भनेकै स्थानीयपनालाई प्राथमिकता भन्ने नै छ। त्यसमाथि राज्यको नीति पनि नेपाली खानालाई प्रवर्द्धन गर्नैपर्छ भन्नेमा छ। यसकारण चेन होटलको आगमनले नेपालमा सुखद् सुरुआत हुने छ।

## होटल उद्योग नै हो

सरकारले होटललाई उद्योगको मान्यता दिन कञ्जुस्याइँ गरिरहेको छ। हाल पर्यटनलाई विश्वका प्रायः सबै मुलुकले उद्योगका रूपमा मान्यता दिइसकेको अवस्था छ। हाम्रो देश नेपालले भने अहिलेसम्म औपचारिकरूपमा यो विषयमा निर्णय गरिसकेको छैन। सरकारमा बस्नेहरू सकारात्मक छन् तर निर्णय भएको छैन। होटलमार्फत हामीले रोजगारी सिर्जना, क्षमता अभिवृद्धिदेखि ठूलो परिमाणमा विद्युत् खपत तथा स्थानीय उत्पादन खरिद गरेर किसानसम्म लाभ बाँडिरहेका छौं। तर, अझै पनि उद्योगले जस्तो विद्युत् खपतमा छुट पाउन सकेका छैनौं। निकासीकर्ताले सामान पठाएर कमाउने डलर हामीले यहाँ स्थाानीय उत्पादनको खपत र स्थानीय जनशक्ति उपयोग गरेरै भित्र्याइरहेका छौं। यसकारण होटल क्षेत्र भनेको उद्योग नै हो भन्नेमा सन्देह छैन र यसले अन्य उद्योगसरह सुविधा पाउनु न्यायोचित देखिन्छ।

*(होटल संघकी पूर्वअध्यक्ष राणाको यो लेख नेपाल आर्थिक पत्रकार समाज-सेजनद्वारा प्रकाशित 'अर्थनीति'बाट साभार गरिएको हो)*

# लुम्बिनीमा सात हजार दीप प्रज्ज्वलन



■ प्रभाव संवाददाता

**लुम्बिनी–** विश्व शान्तिको कामनासहित बुद्धजन्मस्थल लुम्बिनीमा सात हजार दीप प्रज्ज्वलन गरिएको छ । चौथौ त्रिपिटक पाठ समारोहको समापनलगत्तै शनिबार साँझ केन्द्रीय नहरको मध्यभागमा अवस्थित लुम्बिनी स्क्वायरमा सात हजार दीप प्रज्ज्वलन गरिएको हो ।

धम्मकाय फाउन्डेसनले भिक्षु-भिक्षुणी, लामा गुरु, आनी, उपासक उपासिका र प्रवजित भएका ५०० जना अल्पकालीन भिक्षुहरूको सहभागितामा शान्ति र सौहर्द्रताका लागि दीप प्रज्ज्वलन गरिएको हो । नेपालको झण्डा केन्द्रभाग मानी धम्मचक्रको आकार आउने गरी गरिएको दीप प्रज्ज्वलनको अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष धम्मशोभन महास्थविरले शुभारम्भ गरेका थिए । लुम्बिनी विकास कोषका उपाध्यक्ष डा ल्हारक्याल लामाले बुद्धजन्मस्थल लुम्बिनीमा दीप प्रज्ज्वलन गरी विश्व शान्ति र प्राणी जगत्को कल्याणको कामना गर्नु आफैंमा महत्त्वपूर्ण भएको बताए । उनले बुद्धका उपदेशहरूलाई यस्तै आध्यात्मिक कार्यक्रमबाट विश्वभर फैलाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा थाईधम्मकायका सल्लाहकार डा. अदिसकले बुद्धको शिक्षाले विश्वबन्धुत्व र एकतालाई जोड दिएको बताउँदै दीपले आन्तरिक र बाहय ज्ञानलाई प्रतिविम्बन गरेको बताए । यसैगरी कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्रीका सल्लाहकार रोशनी गिरी, अखिल नेपाल भिक्षु महासंघका सचिव भिक्षु निग्रोध महास्थविर, लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति डा. सुवर्णलाल बज्रचार्यले दीपको प्रकाशजस्तै बुद्धको उपदेशले पनि अँध्यारो चिर्दै जाने बताए ।

### सकियो त्रिपिटक पाठ

बुद्धजन्मस्थल लुम्बिनीमा सञ्चालित चारदिने चौथो अन्तरराष्ट्रिय त्रिपिटक पाठ सकिएको छ । अखिल नेपाल भिक्षु महासंघको आयोजना तथा लुम्बिनी विकास कोषसहित विभिन्न संस्थाको सहआयोजनामा लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा त्रिपिटक पाठ गरिएको हो ।

त्रिपिटक पाठको शनिबार लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले समापन गरे । समापन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले बुद्धका उपदेशलाई विश्वभर फैलाउन आग्रह गरे । उनले बुद्धको शिक्षा र उपदेशलाई आत्मसात् गरी शान्ति, करुणा र सहअस्तित्वको भावना फैलाउन सकिने बताए ।

# आत्मनिर्भर बनाउन जीवनोपयोगी सीप सिकाइँदै

**भोजपुर–** टेम्केमैयुङ गाउँपालिकाले महिलालाई उद्यमशीलसँगै आत्मनिर्भर बनाउन सीपमूलक कार्यक्रममा जोड दिएको छ । गृहिणी भएर घरायसी काममा मात्र समय बिताउँदै आएका महिलालाई सीप प्रदान गरेर उद्यममा जोडिन उत्प्रेरित गरेको हो ।

गाउँपालिकाले अचार बनाउने, ढाकाको कपडा बुनाइ, सिलाइकटाइ, बेमौसमी तरकारीखेतीलगायत सीपमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । महिलालाई आत्माभिर्नरसँगै व्यावसायिक बनाउन 'महिला लक्षित कार्यक्रम'अन्तर्गत विभिन्न सीपमूलक तालिम प्रदान गरिरहेको गाउँपालिकाकी उपाध्यक्ष रमादेवी राईले बताइन् । आफ्नो पहलमा महिलालाई आवश्यकताका आधारमा, ढाका बुनाइ, सिलाइकटाइ, अचार बनाउने, बेमौसमी तरकारीखेती गर्नेलगायत सीप प्रदान गरिएको उनको भनाइ छ ।

सीप सिकेर व्यवसायमा लाग्न चाहने महिलालाई गाउँपालिकाले आवश्यक प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिरहेको उनले बताइन् । गाउँघरमा पाउने कच्चा पदार्थको सदुपयोग गर्दै व्यावसायिकसँगै उद्यमशील बनाउन २७ महिलालाई अचार बनाउने सीप प्रदान गरिएको छ । बाहिरबाट विषेशज्ञ प्रशिक्षक ल्याएर गाउँपालिकाका नौवटै वडाका महिलालाई अचार बनाउने तालिमसमेत दिइएको छ ।

आफ्नै ठाउँमा दक्ष प्रशिक्षकबाट सीप सिक्न पाउँदा खुसी लागेको टेम्केमैयुङ-४ नागीकी सम्झना राईले बताइन् । सात दिनसम्म सहभागी भएर लिएको सीपले व्यावसायिकरूपमा अचार बनाएर आत्मनिर्भर बन्न सहयोग पुगेको उनको भनाइ छ । सीप लिएसँगै भावी दिनमा समूह निर्माण गरेर व्यावसायिक अचार उद्योग सञ्चालन गर्ने सोच बनाएको राईले बताइन् ।

'आफ्नै ठाउँमा सीप लिन पाउँदा खुसी लागेको छ,' उनले भनिन्, 'सीप नहुँदा घरायसी काममा समय बितिरहेको थियो । सीप भएपछि आफ्नै ठाउँमा पाउने विभिन्न कच्चा पदार्थबाट अचार बनाएर राम्रो आम्दानी लिन सकिने रहेछ । सिकेको सीपलाई व्यवहारमा ल्याएर काम गर्ने मेरो लक्ष्य छ ।'

सातदिने अचार बनाउने तालिम लिएपछि व्यावसायिक बन्न साहस बढेको स्थानीयवासी क्षमादेवी राईले बताइन् । तालिम लिएपछि गाउँघरमा सहजै पाउने कच्चा पदार्थबाट कसरी आयआर्जन गर्न सकिनेरहेछ भन्ने ज्ञान पाएको उनको भनाइ छ ।

सीप लिन इच्छुक महिलालाई गाउँघरमा पाउने कच्चा पदार्थ अमला, अकबरे खुर्सानी, तामा, लप्सीलगायत ११ प्रकारका अचार बनाउने सीप प्रदान गरिएको प्रशिक्षक सकुन्तला प्याकुरेलले बताइन् । तालिमका सहभागी महिलाले गाउँघरमा नै पाउने कच्चा पदार्थबाट व्यावसायिक रूपमा अचार उद्योग सञ्चालन गरेर आत्मनिर्भर बन्न सक्ने उनको भनाइ छ ।

झापामा अचारको उद्योग सञ्चालन गरिरहेकाले यहाँ उद्योग सञ्चालन भएको खण्डमा त्यसको बजारीकरणमा आफूले सहयोग गर्ने उनले बताइन् । अचार भण्डारण तथा प्याकेजिङ, ब्राण्डिङ गर्न सकेको खण्डमा देश तथा विदेशसम्म निर्यात गर्न सकिने प्याकुरेको भनाइ छ । *रासस*

# 'अफ्रिकन स्वाइन फिवर' नियन्त्रणमा

**बागमती (प्रस)–** हेटौंडा उपमहानगरपालिकका विभिन्न तीनवटा वडामा किसानले पालेको बंगुरमा फैलिएको 'अफ्रिकन स्वाइन फिवर' नियन्त्रणमा आएको छ । पशु सेवा कार्यालयले प्रभावित वडामा किटनाशक चुना छर्ने, सरसफाइ, प्रभावित क्षेत्रबाट बंगुरको ओसारपसारमा गरिएको कडाइ तथा अन्य चेतनामूलक कार्यक्रम सञ्चालन गरेपछि स्वाइन फिवर नियन्त्रणमा आएको हो ।

'अफ्रिकन स्वाइन फिवरबाट धमाधम बंगुर मर्न थालेपछि हामीले सरसफाइसँगै नियन्त्रण अभियान चलायौं,' पशु सेवा कार्यालय हेटौंडाका प्रमुख डा. ब्रजकिशोर ठाकुरले भने, 'अहिले अब फिवर नियन्त्रणमा आइसकेको छ ।'

गत मंसिरदेखि फैलिएको स्वाइन फिवरबाट हेटौंडा उपमहानगरपालिका-१, ११ र १७ मा किसानले पालेका २०० भन्दा बढी बंगुर मरेका थिए । यस्तै, पशु सेवा कार्यालयले तीन लाख भेडाबाख्रामा पिपिआर खोप लगाएको छ । सो कार्यालयले यही माघ २४ देखि ३० गतेसम्म मकवानपुरका १० वटै पालिकामा सञ्चालन गरेको पिपिआर खोप कार्यक्रमअन्तर्गत तीन लाख भेडाबाख्रामा पिपिआर खोप लगाइएको पशु सेवा कार्यालयका प्रमुख डा. ठाकुरले बताए ।

भ्याम्सिनेटरले कृषक समूह, सहकारी तथा व्यक्तिगत फार्मका साथै घरदैलोमै पुगेर खोप अभियान सञ्चालन गरिएको उनको भनाइ छ । पशुपालनतर्फ बाख्रा पाल्ने किसानको संख्या बढ्नुका साथै भेडाबाख्रामा लाग्ने पिपिआर रोग नियन्त्रण र रोकथाममा प्रदेश सरकारको निर्देशअनुरूप कार्यान्वयनमा खोप अभियान सञ्चालन गरिएको उनले बताए ।

त्यस्तै पशु सेवा कार्यालयले मकवानपुरमा किसानले पालेको आठ हजार गाईभैंसीमा लम्पी स्किनविरुद्धको खोप लगाएको छ । कार्यालयका पशु चिकित्सक डा. विजय पौडलका अनुसार हेटौंडासहित जिल्लाका विभिन्न पालिकाका किसानले पालेको आठ हजार गाईभैंसीमा लम्पी स्किनविरुद्धको खोप लगाइएको छ । खोप कार्यक्रमअन्तर्गत हेटौंडा उपमहानगरपालिका-९, १२ र १५ तथा मनहरी गाउँपालिका-६ र ७ मा छ हजारभन्दा बढी पशुमा खोरेत रोगविरुद्धको खोप लगाइएको जनाएको छ ।

पशुहरूको बढी आवतजावत हुने ती स्थानमा खोरेत रोगविरुद्धको अभियान चलाइएको पशु चिकित्सक डा. पौडैलले बताए । यस्तै, जिल्लाका एक हजार कुकुर तथा बिरालोमा रेबिजविरुद्धको खोप लगाइएको जनाएको छ ।

## Sigas Rural Municipality

### Office Of The Municipal Executive

Garje, Baitadi

Sudurpaschim Province, Nepal

## Invitation For Bids

**Date Of Notice Publication: 2081/11/26 (March 10, 2025)**

1. Sigas Rural Municipality invites bids (Hard Copy only) from eligible bidders for the following two projects under National Competitive Bidding- Single Stage Single Envelope Bidding procedures.

| Contract Identification No | Description | Bid Security Amount | Est amt (without VAT and Contingency) | Bid submission last date & time | Bid opening date & time |
|---|---|---|---|---|---|
| SRM/NCB/ DDPKB-05/2081/82 | Construction of Deulekh Dham Prayatakiya Kshetra Bhawan Nirman | **100000.00** Valid 30 days beyond the validity period of the bid. **(DharautiKhata)** | 3401700.85 | 2081/12/27 (9th April, 2025) 12:00 pm | 2081/12/27(9th April, 2025) 1:00 pm |
| SRM/NCB/ OKCW-06/2081/82 | Construction of Okhalsaini Khelmaidan Construction works | **75000.00** Valid 30 days beyond the validity period of the bid. **(DharautiKhata)** | 2656489.89 | 2081/12/27 (9th April, 2025) 12:00 pm | 2081/12/27 (9th April , 2025) 2:00 pm |

2. Eligible Bidders may obtain further information at the office of Sigas Rural Municipality office (any queries may contact : 9843378915(engineer) email: sigasmun@gmail.com or may visit web: Sigasmun.gov.np
3. Bid Purchase Last date is 2081/12/26 up to 5:00 pm. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below:
   Name of the Bank: **Adbl, Sigas Branch, Baitadi**
   Name of Office: Sigas Rural Municipality, Office of The Rural Muncipal Executive, Garje, Baitadi
   Deposit Account No: **0826601983059031**(Aantarik Rajswa Khata), **0826601983059074** (Dharauti Khata) *Rajaswa khata (Note that: Please make the bid document payment of bid purchase by filling the format of ADBL Bank* को **स्थानिय तहको राजस्व दाखिला फारम** अनुसूची २४)
   Submit the receipt of the deposited amount cash along with bid.
4. If the last date of bid submission and opening falls on a government holiday then, the next working day shall be considered the last day. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR of GON

**Chief Administrative Officer**


**मलेसियामा रोजगार** कम्पनी : AT GUARDS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/१०/०४ पुन: स्वीकृति मिति : २०८१/११/२५ LT. No. 298193 चलानी नं. ६०२१३६९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 144 | 0 | 1500 | ४७,२४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान:
सुनसरी मल्टिपल ट्रेनिङ्ग सेन्टर, इटहरी-४ सुनसरीमा मिति: २०८१ चैत ५ गते (18th March 2025) मा हुनेछ । MO. NO : 9802712000
सि.पि. होटल विर्तामोड-१ झापामा मिति: २०८१ चैत ६ गते (19th March 2025) मा हुनेछ । MO. NO : 9851016809
भरतपुर गार्डेन रिसोर्ट, भरतपुर-४, चितवनमा मिति: २०८१ चैत ८ गते (21th March 2025) मा हुनेछ ।
MOBILE NO : 9855019802, 9855019074 AND 9765228662

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com
श्रम ईजाजत नं. ६८४/०६३/०६४

**युएइमा रोजगार** कम्पनी : TIRHAL EMPLOYMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/०२ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/२५ LT. No. 313813 चलानी नं. ६०२२८१९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 35 | 0 | 900 | ३४,०८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | CONCRETE MASON | 35 | 0 | 1200 | ४५,४४९ | | | | | | | |
| 3 | Construction Carpenter | 30 | 0 | 1200 | ४५,४४९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ४ गते (17th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | ७०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALL RAHIM MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. १२६४/०७४/०७५
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544429,
Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com /
info@allrahimmanpower.com, Website : allrahimmanpower.com

**युएइमा रोजगार** कम्पनी : KIBSONS INTERNATIONAL LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२५ LT. No. 320030 चलानी नं. ६०२३४२१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packers | 17 | 0 | 1300 | ४९,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Porter | 26 | 0 | 1300 | ४९,२३६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ४ गते (17th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९

**साउदीमा रोजगार** कम्पनी : KABBIYA QADDA BUFFET TO SERVE MEALS

पूर्व स्वीकृति मिति : २०८१/११/२३ LT. No. 320042 चलानी नं. ६०२३४१८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 1 | 0 | 1200 | ४४,४९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GOLDEN TOWER BARBER SHOP

पूर्व स्वीकृति मिति : २०८१/११/२३ LT. No. 320043 चलानी नं. ६०२३४१८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 2 | 0 | 1000 | ३७,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SAHEB ALNOOR TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/२३ LT. No. 320044 चलानी नं. ६०२३४१८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 7 | 0 | 1200 | ४५,४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : RAWAFED AL EMAAR GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/०५ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/२५ LT. No. 319016 चलानी नं. ६०२३४१८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 1500 | ५५,६१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ४ गते (17th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74

प्रभाव दैनिक




## 'मायाको व्यापार-२'को भिडियो सार्वजनिक

गायक प्रमोद खरेलको स्वरमा रहेको गीत 'मायाको व्यापार-२' सार्वजनिक गरिएको छ । गीतमा इन्द्र दाहालको शब्द तथा संगीत रहेको छ । विक्रम चौहानको निर्देशनमा रहेको गीतको भिडियोलाई विशाल निरौलाले संगीत संयोजन गरेका हुन् । गीतको भिडियोलाई केआइडि मिडियाले बजारमा ल्याएको हो । भिडियोमा विक्रम बुढाथोकी र रिना गुरूङको अभिनय रहेको छ ।






# 'होस्टेल ३' हेर्न दर्शकको भीड

■ प्रभाव संवाददाता




**काठमाडौं–** शुक्रबारदेखि प्रदर्शनमा आएको चलचित्र 'होस्टेल ३' हेर्न चलचित्र भवनमा दर्शकको तछाडमछाड देखिएको छ । 'होस्टेल' र 'होस्टेल रिट्न्स'पछि निर्माण भएको तेस्रो शृंखला 'होस्टेल ३' ले शुक्रबार औसत र शनिबार राम्रो व्यापार गरेको निर्देशक सशान कँडेलले जानकारी दिए । चलचित्र प्रदर्शन भएदेखि नै कलाकारसँग चलचित्र भवन पुगेर दर्शक प्रतिक्रिया लिइरहेका निर्देशक कँडेलले आगामी दिनमा चलचित्रले अझै राम्रो व्यापार गर्ने बताए ।

'दर्शकको प्रतिक्रिया निकै राम्रो छ, उहाँहरूले अन्य साथीभाइ, घरपरिवारलाई चलचित्र हेर्न सिफारिस गर्छु भन्नुभएको छ । यसले चलचित्रको व्यापार राम्रो हुने देखिन्छ । मेरा लागि सबैभन्दा ठूलो उपलब्धि दर्शकको माया र सकारात्मक प्रतिक्रिया हो,' निर्देशक कँडेलले भने । निर्देशक कँडेलसँगै दर्शक भेट्न पारसबम ठकुरी, सिम्रन पन्त, पदम तामाङ, आशिष घिमिरे, हेना नगरकोटी, सन्तोष बानियाँ, समा पराजुलीलगायत कलाकार चलचित्र भवन पुगेका थिए । युवाको होस्टेल जीवनमात्र नभई 'टिनएज'मा आउने उतारचढाव, तन्नेरी पुस्ताको कथा र व्यथा 'होस्टेल ३' मा देख्न पाइने 'कुल ब्वाइ' नामक 'टिकटकर'का रूपमा परिचय बनाएका अभिनेता ठकुरीले बताए ।

'यो चलचित्रमा प्रस्तुत गरिएको विषय र त्यसलाई निर्वाह गर्ने हामी कलाकार उस्तै उमेर समूहका छौं । यसकारण पनि यो सबै युवाले महसुस गर्न सक्ने चलचित्र बनेको छ भन्नेमा विश्वस्त छौं । टिकटकरका रूपमा चिनिएर अहिले चलचित्रमा अभिनय गर्न पाउँदा निकै उत्साहित छु । मैले पाएको अवसरलाई पूर्ण रूपमा सदुपयोग गरेको छु,' अभिनेता ठकुरीले भने ।

विशेषत: यसलाई 'नयाँ पुस्ता'को चलचित्र भन्न सकिन्छ । नेपाली चलचित्रमा देखिएको नयाँ पुस्ताको कमीलाई 'होस्टेल ३' पूरा गर्ने अपेक्षा गरिएको छ । व्यावसायिक सुरक्षाका कारण प्राय: निर्देशकको रोजाइमा स्थापित अनुहार पर्ने देखिए पनि नयाँ अनुहारले चलचित्रमा नयाँ दर्शक तान्न सक्ने भएको र विषयवस्तुसँगै 'होस्टेल' शृंखलाको 'लिगेसी'लाई अगाडि बढाउन नयाँ पुस्ताको चलचित्र बनाएको निर्देशक कँडेलले बताए ।

'म आफैं निर्देशकका रूपमा नयाँ भएकाले मैले प्रतिभा भएका र मिहेनत गर्नसक्ने नयाँ पुस्तालाई चलचित्रमा अभिनयका लागि मौका दिएको छु,' उनले भने । यस अगाडिका 'होस्टेल'का दुई शृंखलाले नयाँ पुस्तालाई कलाकारितामा स्थापित गराउनुका साथै व्यावसायिक सफलता पनि हासिल गरेको थियो ।

# साहित्यकार वैद्यको 'ऋतु' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** साहित्यकार लक्ष्मीलोचना वैद्यको दोस्रो कृति 'ऋतु' सार्वजनिक भएको छ । भक्तपुरमा शनिबार आयोजित एक कार्यक्रमबीच उक्त पुस्तक सार्वजनिक गरिएको हो । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर वरिष्ठ समालोचक प्रा.डा. खगेन्द्र लुइँटेलको उपस्थितिमा पुस्तक सार्वजनिक गरिएको थियो । उपन्यास 'ऋतु' सामाजिक कथामा आधारित रहेको कार्यक्रममा जानकारी दिइयो ।

प्रा.डा. लुइँटेलसहित सिर्जना अभियान समाज भक्तपुरका अध्यक्ष धनमान श्रेष्ठ, वरिष्ठ लघु कथाकार ध्रुव मधिकर्मी, सद्भाव थिएटरका संस्थापक निर्देशक तथा नाटचकर्मी महासंघका उपाध्यक्ष राम केसी, बुक्स हिमालय पब्लिकेसनका प्रबन्ध निर्देशक रोमन शाक्य र बजार व्यवस्थापक यज्ञश्वर जोशीले संयुक्तरूपमा वैद्यको नयाँ कृति सार्वजनिक गरेका हुन् ।

बुक्स हिमालय सानेपा ललितपुरद्वारा प्रकाशित उक्त पुस्तक ३७८ पृष्ठको रहेको छ । पुस्तकको मूल्य ६५० रूपैयाँ राखिएको छ । वैद्यको 'ऋतु' दोस्रो कृति हो । यसअघि उनले 'नेपाली नाटकको रूपरेखा-२०७४' नामक पुस्तक प्रकाशनमा ल्याएका थिए ।

## रंगशाला

# युगाण्डामाथि नेपालको रोमाञ्चक जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** युगाण्डामा जारी चारदेशीय महिला टी-ट्वान्टी क्रिकेट प्रतियोगिताअन्तर्गत नेपालले युगाण्डामाथि रोमाञ्चक जित हात पारेको छ । नेपालले आफ्नो दोस्रो खेलमा युगाण्डालाई एक विकेटले पराजित गरेको हो । यसअघि भएको पहिलो खेलमा नेपाल नामिबियासँग छ विकेटले पराजित भएको थियो ।

युगाण्डाको एन्टेब्बे क्रिकेट ओभल मैदानमा टस जितेर नेपालले पहिला फिल्डिङ रोजेको थियो । घरेलु टोली युगाण्डाले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ७५ रन बनायो । ७६ रनको विजयी लक्ष्य नेपालले १९.५ ओभरमा नौ विकेट गुमाएर पूरा गर्‍यो । नेपालका लागि साना प्रवीनले सर्वाधिक १७ रन जोडिन् । उनले ३५ बलमा एक चौका प्रहार गरिन् ।

त्यस्तै पूजा महतोले १६ रन जोड्दा रुबिना क्षेत्रीले १० रन बनाइन् । सम्झना खड्काले आठ, कप्तान इन्दु बर्माले छ तथा ईश्वरी विष्टले अविजित तीन रन जोडिन् । बलिङतर्फ युगाण्डाका लागि इमाकुलेट नाकिसुईले सर्वाधिक २२ रन जोडिन् । उनले ४० बलमा तीन चौका प्रहार गर्दै २२ रन बनाइन् ।

त्यसैगरी, स्टेफेनिया नाम्पिलिनाले २५ बलमा एक चौकाको सहयोगमा १४ रन जोडिन् भने मलिषा अरिकोटाले २४ बलमा ११ रन जोडिन् । नेपालका लागि पूजा महतोले तीन विकेट लिइन् भने कप्तान इन्दु बर्माले दुई विकेट लिइन् । जारी सिरिजमा युगाण्डाको यो पहिलो हार हो । युगाण्डाले पहिलो खेलमा हङकङलाई पराजित गरेको थियो ।

जारी सिरिजमा घरेलु टोली युगाण्डासँगै नेपाल, नामिबिया र हङकङको सहभागिता रहेको छ । सिरिजमा सबै टोलीले एकअर्कासँग दुई खेल खेल्ने छन् । लिग चरणको खेलपछि शीर्ष दुई टोलीबीच फाइनल खेल हुने छ । नेपालले सोमबार हङकङसँग खेल्ने छ ।

# 'सबै प्रदेशमा रंगशाला बनाउन आवश्यक'

**भैरहवा (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले क्रिकेटको विकासका लागि सातवटै प्रदेशमा रंगशाला निर्माण आवश्यक भएको बताएका छन् । आइतबारदेखि यहाँ सुरु प्रधानमन्त्री कप राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको उद्घाटन गर्दै उनले पूर्वाधार तथा सुविधाको अभावमा पनि नेपाली क्रिकेट क्षेत्रले उल्लेख्य सफलता हासिल गरेको बताए ।

'क्रिकेटको विकासमा सरकार प्रतिबद्ध छ, अभावकै बीचमा पनि नेपाली क्रिकेटले अन्तर ाष्ट्रियस्तरमा प्राप्त गरेको उपलब्धि उल्लेखनीय छ,' उनले भने । उनले क्रिकेटको विकासमा निजी क्षेत्रको पनि भूमिका रहने उल्लेख गर्दै यस क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिए । 'नेपाल प्रिमियर लिग (एनपिएल) जस्ता प्रतियोगिताले यस क्षेत्रमा



आशा जागेको छ, थप लगानीको वातावरण निर्माण भएको छ,' उनले भने ।

लुम्बिनी प्रदेश क्रिकेट संघको व्यवस्थापनमा भइरहेको प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगितामा कूल ४६ वटा खेल खेलाइने छ । यी सबै खेल रूपन्देहीमा रहेको सिद्धार्थ क्रिकेट रंगशाला, तिलोत्तमामा रहेको एक्स्ट्राटेक ओभल क्रिकेट रंगशाला र दाङको लमहीमा रहेको देउखुरी अन्तर्राष्ट्रिय रंगशालामा खेलाइने जनाइएको छ ।

प्रतियोगितामा सातवटै प्रदेशका टोली र नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको विभागीय टोलीसहित १० वटा टोलीहरूले सहभागिता जनाउँदै छन् । प्रतियोगिताको पहिलो दिन सिद्धार्थ क्रिकेट रंगशालामा लुम्बिनी र कोशी प्रदेश, एक्स्ट्राटेक ओभलमा विभागीय टोली सशस्त्र प्रहरी र बागमती प्रदेश तथा लमहीको देउखुरी रंगशालामा सुदूरपश्चिम र कर्णाली प्रदेशबीच खेल भइरहेका छन् ।

**धरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धरान-१२, सुनसरी**

**प्रस्तावपत्र तथा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रकाशित मिति २०८१/११/२६ गते*

यस कार्यलयलाई आवश्यक तपसिल बमोजिमको कामको लागि विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका प्रस्तावपत्रहरू तथा बोलपत्रहरू मध्ये मूल्याङ्कन समितिको सिफारिश अनुसार न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही तपसिल बमोजिमका दरभाउपत्रदाता तथा बोलपत्रदाताहरू सिफारिश भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | सिफारिस प्रस्ताव पत्रदाता तथा बोल पत्रदाता, | कबोल अंक |
|---|---|---|---|---|
| १. | 12/DHARAN/WORKS/NCB/081/82 | Asphalt concrete road construction work at Janpath loop, Dharan-16, Sital marga (ka), Dharan-15, Pragati marga, Dharan-11, Sukhra Path, Dharan-7, Dovan line, Dharan-7 and Indrasen Marga, Dharan-17 | Pratik Builders Pvt.ltd. Dharan-6,Sunsari | 8882084.65 |
| २. | 10/DHARAN/GOODS/NCB/081/82 | Supply & Delivery of Medicine | Gosaikunda Medicine Suppliers Pvt. Ltd. KTM | 861374.70 |
| ३. | 01/DHARAN/CONS/EOI/081/82 | Conducting Training with OJT (Level-2 with 1696 hours) on Professional Light Vehicle Mechanics | *Jayan Technical College of Technology Butwal* | 2024082.00 |
| ४. | 02/DHARAN/CONS/EOI/081/82 | Conducting Training with OJT (Level-2 with 1696 hours) on Professional Cook | *Export Technical College Nepal, Itahari, Sunsari* | 2092108.00 |

**कालिका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रेडक्रसग्राम, चितवन**
**बागमती प्रदेश, नेपाल**

**शिलबन्दी दरभाउ आशयपत्रको सूचना**

**मिति: २०८१/११/२५**

उपरोक्त सम्बन्धमा यस कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनको आव २०८१/८२ को प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फको कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम सञ्चालनार्थ परामर्श सेवा खरिदको लागि सिलबन्दी खाममा दरभाउपत्र पेश गर्न मिति २०८१/०९/२२ (6th January, 2025) गतेको लोकतन्त्र संदेश पत्रिकामा प्रकाशित सार्वजनिक सूचनाबाट दरभाउपत्र माग गरिएकोमा मिति २०८१ माघ १० गते (23th January, 2025) दिनको २:०० बजे भित्र रीतपूर्वक दर्ता हुन आएका प्रस्तावदाताहरूको प्राविधिक तथा आर्थिक प्रस्तावहरूको संयुक्त मूल्यांकन गर्दा तपसिलमा उल्लेख फर्मले पेश गरेको प्राविधिक तथा आर्थिक प्रस्तावले सबैभन्दा बढी अंक प्राप्त गर्न सफल भएको हुदाँ स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८ को उपदफा २ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| S. N. | Bid IFB No. | Name of Project | Date of First Notice Publication | Quoted Amount With VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 01/RFQ/KM/081/82 | Hiring a Firm for Skills Development Training in LL | २०८१/०९/२२ (6th January, 2025) | 4,47,424.00 | Creative Skill Pvt. Ltd., Parsa | |

**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ**
Mrs. Worldwide Technical Pvt. Ltd, Kathmandu
Mrs. Worldlink Technical Training Institute Pvt. Ltd, Kathmandu
Mrs. Cemeca Human Resource Academy Pvt. Ltd., Kathmandu
Mrs. Manjushree Technical Training Institute Pvt. Ltd, Kathmandu
Mrs. Perfect Manpower Training Center Pvt. Ltd, Kathmandu
Mrs. Kantipur Paschimanchal Technical College, Kaski

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| | १७०३०० | ० | १९८५ |



**लटरम्म फलेको स्ट्राबेरी** | दाङको घोराही उपमहानगरपालिका-१५ स्थित भरतपुरमा कैलालीका दशरथ सावथले १५ कठ्ठा भाडाको जग्गामा व्यावसायिकरूपमा गरेको स्ट्राबेरीखेतीमा लटरम्म फलेको स्ट्राबेरी फल। *तस्बिरः कुलदीप न्यौपाने/रासस*

## बजेटमा तीन करोडभन्दा कम लागतका आयोजना समावेश नगर्न अर्थमन्त्रीको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेटमा तीन करोडभन्दा कम लागतका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न नहुनेमा जोड दिएका छन्।

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण सम्बन्धमा खानेपानी मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालका पदाधिकारीसँग आइतबार बेग्लाबेग्लै भएका छलफलमा उनले असंख्य योजना तथा कार्यक्रम बजेटमा राख्ने प्रवृत्तिबाट बाहिर आउन आग्रह गर्दै पूर्वतयारी सकिएका ठूला रूपान्तरणकारी एवं राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रममात्र प्रस्ताव गर्न जोड दिए।

अर्थमन्त्री पौडेलले प्रदेश र स्थानीय तहले गर्नसक्ने कार्यक्रममा उनीहरूको भूमिका बढाउनुपर्ने र एकपटकका लागि बीउपुँजी दिएर भए पनि प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका आयोजना तथा कार्यक्रम हस्तान्तरण गर्नुपर्ने बताए।



बैठकमा खानेपानीमन्त्री प्रदीप यादव, संघीय मामिलामन्त्री राजकुमार गुप्ता, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारी, अर्थसचिव, राजस्वसचिव, खानेपानीसचिव, संघीय मामिला सचिवगायत सहभागी थिए।

बजेट निर्माण कार्यलाई तीव्रता दिइरहेको बेला अर्थमन्त्रीले सरोकारवालाहरूसँग छलफल गर्दै आएका छन्। उनले यसअघि शुक्रबार स्वास्थ्य र उद्योगमन्त्रीसँग छलफल गरेका थिए। अर्थ मन्त्रालयले यसपटक करिब १९ खर्बको बजेट तयारी गरिरहेको छ। एमाले-कांग्रेस गठबन्धनको सरकारले राजनीतिक स्थायित्व र अर्थतन्त्रलाई समृद्ध बनाउन केन्द्रित गर्दै बजेट ल्याउने बताउँदै आएको छ।

## दिक्तेल-रेग्मीटार सडक निर्माण अन्तिम चरणमा

**खोटाङ–** जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारबाट पूर्वी तराईका विभिन्न जिल्ला जोड्ने सबैभन्दा छोटो दूरीको सडक निर्माणको काम अन्तिम चरणमा पुगेको छ। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेस्थित आहालेबाट हलेसी तुवाचुङ नगरपालिका-११ राजापानीस्थित रेग्मीटारसम्मको १४.५ किलोमिटर सडक निर्माणको काम अन्तिम चरणमा पुगेको हो।

सडक निर्माण सम्पन्न भएपछि दिक्तेलबाट महुरे-बुइपा-विजयखर्क-राजापानी घुम्दै रेग्मीटार पुग्नुपर्ने बाध्यताको अन्त्य हुने नगरप्रमुख तीर्थराज भट्टराईले जनाए। 'दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले गौरवको आयोजनामा राखेर आर्थिक वर्ष २०७९/८० बाट उक्त सडक निर्माण सुरु गरेको हो। निर्माण हुन ५०० मिटरमात्र बाँकी छ। पूर्वी तराई जोड्ने यो सडक एक महिनाभित्र सम्पन्न गर्ने योजनामा छौं,' उनले भने, 'दिक्तेल-रेग्मीटार सडक निर्माणमा नगरपालिकाको ८५ लाख रूपैयाँ खर्च भइसकेको छ। यो सडकका लागि कोशी प्रदेश सरकारले यो आवका लागि ४० लाख रूपैयाँ बजेट उपलब्ध गराएको छ।'

यो सडक निर्माणका लागि नगरपालिकाबाट आव २०७९/८० मा विनियोजित ४० लाख रूपैयाँ र २०८०/८१ मा विनियोजित २० लाख रूपैयाँ खर्च भएको जनाइएको छ। नगरपालिका तथा प्रदेश सरकारको साझेदारीमा विनियोजित बजेटमार्फत दिक्तेल-खानीडाँडा-रेग्मीटार सडक निर्माणको कामलाई तीव्रगतिमा अगाडि बढाइएको खाल्लेका वडाध्यक्ष खगेन्द्र राईले जानकारी दिए।

नगरपालिकाले गौरवको आयोजनामा राखेर दिक्तेल-खानीडाँडा-रेग्मीटार सडक निर्माणको कामलाई तीव्रता दिएपछि स्थानीयवासी हर्षित भएका छन्। निर्माणाधीन सडकलाई विकल्पका रूपमा गत वर्ष हलेसी तुवाचुङ नगरपालिका-११ राजापानीस्थित पुरानो गाउँ हुँदै रेग्मीटारसम्म यातायाता सञ्चालन गरिएको थियो।

दिक्तेल-रेग्मीटार सडकको मार्ग खोलिसकेपछि अर्को वर्षबाट सडक स्तरोन्नतिको कामलाई निरन्तरता दिइने नगर उपप्रमुख विशन राईले बताए। 'दिक्तेल-खानीडाँडा-रेग्मीटार सडक सञ्चालन हुँदा करिब एक घण्टा छोटो हुन्छ। यो सडक सञ्चालन गर्ने तयारीमा छौं,' उनले भने, 'दिक्तेल-महुरे-रेग्मीटार सडक घुमाउँरो छ। दिक्तेल-खानीडाँडा-रेग्मीटार सडक निर्माण सम्पन्न भएपछि पूर्वी तराईका विभिन्न जिल्ला जोड्ने सबैभन्दा उपयुक्त सडक बन्ने छ।'

तत्कालीन जिल्ला विकास समिति खोटाङले आहालेबाट राजापानीको घर्तीभिरसम्म र सगरथामा राष्ट्रिय राजमार्गको दिक्तेल-गाईघाट सडकखण्डको रेग्मीटारबाट घर्तीभिरसम्म सिधा मार्ग (ट्र्याक) खोल्ने प्रयास गरिएको थियो। घर्तीभिरमा ठूलो चट्टान भएकाले अहिलेसम्म दुवैतर्फको ट्र्याकलाई जोड्न नसकिएको हो। *रासस*

## रोकिएन नेप्सेमा पहिरो

**काठमाडौं (प्रस)–** सेयरबजार घट्नेक्रमले आइतबार पनि निरन्तरता पाएको छ। साताको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक उच्च अंकले घटेको हो। यस दिन नेप्से परिसूचक ४६.३३ अंकले घटेर दुई हजार ७७२.१० बिन्दुमा झरेको छ।

आज ३१५ कम्पनीको दुई करोड २७ लाख २६ हजार २८३ कित्ता सेयर एक लाख १२ हजार ३४७ पटक खरिद-बिक्री हुँदा १० अर्ब नौ करोड ३६ लाख ५४ हजार रूपैयाँबराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

आइतबारको कारोबारमा सबै समूहको उपसूचक रातो देखिएको छ। बैंकिङ १.३६,




विकास बैंक १.७१, वित्त १.८७, होटल तथा पर्यटन ०.८३, जलविद्युत् १.६६ र लगानी २.४९ प्रतिशतले घटेको छ। त्यस्तै, जीवन बिमा १.७४, उत्पादन तथा प्रशोधन ०.९१, लघुवित्त १.५८, म्युचुअल फन्ड १.०४, निर्जीवन बिमा १.२६, व्यापार ०.८१ र अन्य समूह २.६९ प्रतिशतले घटेको छ।

गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र आइसिएफसी फाइनान्स लिमिडेड डिभेञ्चरको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ र उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र सिन्धु विकास बैंक लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा आइतबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको एक अर्ब १२ करोड ४८ लाख ४९ हजार ९६४ रूपैयाँ बराबरको १० लाख ६२ हजार २४६ कित्ता सेयर किनबेच भएको नेप्सेले जनाएको छ।

## श्रमिकको उचित प्रतिनिधित्व सुनिश्चित गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल ट्रेड युनियन कांग्रेसले पार्टीभित्र श्रमिकको उचित प्रतिनिधित्व सुनिश्चित गर्न माग गरेको छ। भक्तपुरको बोडेमा यही फागुन २१ र २२ गते सम्पन्न राष्ट्रिय परिषद्को भेलाको निर्णय सार्वजनिक गर्न आइतबार आयोजित पत्रकार सम्मेलनमा नेपाल ट्रेड युनियन कांग्रेसको चितवनमा सम्पन्न पाँचौं महाधिवेशनमा नेपाल ट्रेड युनियन कांग्रेस र पार्टीबीच भएको सातबुँदे सम्झौताअनुसार कांग्रेसको वैधानिक संरचनामा श्रमिकको प्रतिनिधित्व सुनिश्चित गर्ने सम्झौता भएकाले सोही सम्झौतालाई कार्यान्वयन गर्न माग गरेको हो।

उक्त सम्झौतामा कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला र नेपाल ट्रेड युनियन कांग्रेसका तर्फबाट लक्ष्मणबहादुर बस्नेतले हस्ताक्षर गरेका थिए। उक्त परिषद् भेलाले बैंक तथा वित्तीय संस्था, सार्वजनिक सेवा क्षेत्र लागू हुने अन्य प्रतिष्ठान एवं श्रम क्षेत्र र पर्यटन तथा होटल क्षेत्रलगायत सम्पूर्ण श्रम क्षेत्रमा पूर्णरूपमा श्रम ऐनको कार्यान्वयनका लागि कानुनी व्यवस्था गर्न माग गरेको थियो। संविधानमा श्रमिकका लागि छुट्टै 'क्लस्टर' बनाउने व्यवस्थाका लागि राजनीतिक दल, सरकार र सरोकारवालासँग पहलकदमी लिने भेलाले निर्णय गरेको युनियनका अध्यक्ष योगेन्द्रकुमार कुँवरले जानकारी दिए। उक्त भेलाले 'ग्रे लिस्ट'बाट नेपाललाई बाहिर ल्याउन मुलुकमा वित्तीय अनुशासन, शासकीय सुधार एवं सुशासनयुक्त मुलुकका रूपमा पहिचान कायम गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

युनियनले ट्रेड युनियन ऐन, २०४९ लाई समयसापेक्ष पुनर्लेखन गर्नुपर्ने, सरकारबाट चिया बगान, श्रमजीवी पत्रकार र अन्य क्षेत्रका श्रमिकको ज्याला तोक्ने काम भइरहेको भन्दै त्रिपक्षीय सहमतिमा उक्त ज्याला तोक्न भेलाले सरकारको ध्यानाकर्षण गरेको छ। यसैगरी, अनौपचारिक तथा स्वरोजगार क्षेत्रका सम्पूर्ण श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गर्न मागसमेत गरेको छ।

युनियनका महासचिव अजयकुमार राईले श्रम विवादको चाँडो निरूपण, श्रमिकको न्यायिक अधिकार एवं पहुँच सुनिश्चित गर्न श्रम अदालतमा गठन गर्ने प्रस्ताव भेलाले पास गरेको जानकारी दिए। भेलाले नेपाली श्रमजीवीको ट्रेड युनियन अधिकार सुनिश्चित गर्न र रोजगारीलाई मर्यादित एवं व्यवस्थित गर्न देशभरका ७५३ वटै स्थानीय तहमा श्रम तथा रोजगार केन्द्र स्थापना गर्न सरकारको ध्यानाकर्षण गरेको छ।

मुलुक संघीयतामा गएको लामो समय भइसक्दा पनि संघीय निजामती ऐन, शिक्षा ऐन र स्वास्थ्य ऐनलगायतका ऐन संसद्बाट पास हुन नसकेको भन्दै उक्त ऐनलाई चाँडो छलफल र परामर्श गरी पास गर्न सरकारसँग माग गरेको छ।

## सुर्खेतमा तारा एयरको उडान बन्द

**काँक्रेविहार (सुर्खेत)–** तारा एयरले सुर्खेतबाट मुगु, हुम्ला र जुम्लामा गर्दै आएको नियमित उडान बन्द गरेको छ। हरेक उडानमा नोक्सान भएपछि उडान बन्द गर्नुपरेको तारा एयरले जनाएको छ।

कर्णाली प्रदेशका उद्योग पर्यटन वन तथा वातावरणमन्त्री सुरेश अधिकारीले सन् २०२४ डिसेम्बर ४ मा उद्घाटन गरे हवाई सेवा अहिले बन्द भएको हो। हिमाली टुर एण्ड ट्राभल्सले तारा एयरमार्फत तीन जिल्लाको उडान भर्दै आएको थियो। ट्राभल्सले कर्णाली प्रदेश सरकारबाट सहयोग नपाएको, हरेक उडानमा नोक्सान भएको भन्दै उडान बन्द गर्नुपरेको जनाएको छ। ट्राभल्सका मिनबहादुर रावलले अहिले तीन जिल्लामा सातामा दुई पटक नियमित उडान भर्ने सहमतिअनुसार काम सुरु गरिए पनि आवश्यक सहयोग प्राप्त नभएपछि हवाई सेवा बन्द भएको बताए।

यसैबीच, निजी वायुसेवा कम्पनी यतीले शनिबार सुर्खेत-काठमाडौं परीक्षण उडान सम्पन्न गरेको छ। शनिबार धनगढीमा पनि परीक्षण उडान सम्पन्न गरिएको यती एयरलाइन्सले जनाएको छ। यतीको ९ एन-एएमएन एटिआर ७२ विमानले सफलतापूर्वक परीक्षण उडान गरेको एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले जानकारी दिए। उनका अनुसार परीक्षण उडान एयरलाइन्सका प्रशिक्षक पाइलटद्वय समर्थरत्न तुलाधर र राजु राजवंशीले गरेका हुन्। उडान अवलोकनका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण तथा यती एयरलाइन्सका प्राविधिक,




कर्मचारीलगायत प्रतिनिधिको उपस्थिति थियो।

सुर्खेत र धनगढी विमानस्थललाई आगामी दिनमा नियमित उडान गर्ने तथा वैकल्पिक विमानस्थलका रूपमा प्रयोग गर्ने उद्देश्यले परीक्षण उडान गरिएको प्रवक्ता बर्तौलाले बताए। परीक्षण उडानको प्रतिवेदनका आधारमा नियमित उडान भर्ने तयारी गरिने उनले उल्लेख गरे। यात्रुको मागलाई मध्यनजर गरी उडानको दायरा बढाउँदै बजार विस्तार गर्ने उद्देश्य लिइएको यती एयरलाइन्सका प्रमुख व्यापार अधिकृत युवराजकुमार विष्टले जानकारी दिए। उनले यसबाट नियमित उडानसँगै एयरलाइन्सप्रति यात्रुको विश्वास बढ्ने धारणा राखे।

यही फागुन २० गते एयरलाइन्सले राजविराज विमानस्थलमा पनि सफलतापूर्वक परीक्षण उडान सम्पन्न गरिसकेको जनाएको छ। सुर्खेतमा बुद्ध र श्री एयरलाइन्सले उडान भर्दै आएकामा अब यती थपिएपछि टिकट सस्तो हुने अपेक्षा लिइएको छ।

### कर्णालीका हिमाली जिल्लामा जान नेपालगञ्जको भर

सुर्खेतमा हवाई सेवा बन्द भएपछि कर्णालीका हिमाली जिल्लामा आवतजावत गर्न पुनः बाँकेको नेपालगञ्ज विमानस्थलको प्रयोग गर्नुपर्ने अवस्था आएको छ। बाँकेबाट तारा, समिट र गोमा एयरले हुम्ला, जुम्ला, मुगु र डोल्पामा उडान भर्दै आएका छन्।

सरकारी स्वामित्वमा रहेको नेपाल एयरलाइन्सले सुर्खेतको विमानस्थलबाट उडान भरेको छैन भने कर्णालीमा एयरलाइन्सको कार्यालयसमेत छैन। सुर्खेतबाट यहाँका हिमाली जिल्लामा आवतजावतका लागि लुम्बिनी प्रदेशको नेपालगञ्ज विमानस्थल प्रयोग गर्नुपर्ने बाध्यता रहेको यात्रु बताउँछन्। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ